www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**

**मोबाइलः ९८५१०८७१५६**

**Email : janaakash.com.np@gmail.com**

वर्ष- १६, अंक- २०, २०८० साल पुस १० गते मंगलबार (Dec 26, 2023) www.janaakash.com.np

## दुग्ध पदार्थ बिक्री नहुँदा कृषकलाई 'मिल्क होलिडे' को त्रास



**इलाम–** सूर्योदय नगरपालिका-११ का गोपाल भट्टराईले प्रतिदिन ६० लिटर दुग्ध बिक्री गर्छन् । ज्योति पुञ्ज गाईफार्म दर्ता गरेर व्यावसायिक दुग्ध उत्पादन गरिरहनुभएका उनले स्थानीय सुप्रभात डेरी उद्योगलाई दुग्ध बिक्री गर्छन् । पछिल्लो समयमा डेरीमा थन्किएको घ्यू र छुर्पी देख्दा उनको मनमा चिसो पस्न थालेको छ । "हाम्रो ठाउँमा आशलाग्दो बनेको गाईपालन नै मासिएलाजस्तो छ ।" उनी भन्छन्, "दुग्ध बिकेन भने किसानले हातमुख कसरी जोड्ने ? घर-घरमा अभाव छिर्ने खतरा बढ्यो ।"

दुग्ध पदार्थ बिक्री नहुँदा इलामका कृषकलाई 'मिल्क होलिडे' सुरु हुने त्रास बढेको छ । घ्यू र छुर्पी बिक्री नभएपछि विराटनगर दुग्ध वितरण आयोजनाले मात्र होइन निजी क्षेत्रका डेरीले समेत किसानको दूधको भुक्तानी दिन सकेका छैनन् । यसका कारण कृषक अप्ठ्यारोमा परेका छन् ।

"यसअघि गुणस्तरको आधारमा प्रतिलिटर रु ७० सम्म दूधको मूल्य पाएका किसानले अहिले रु ४०-५० मा चित्त बुझाउनुपरेको छ," सूर्योदय नगरपालिका-१ मकरजुङका किसान जीवन पोखरेल भन्छन्, "न समयमा पेमेन्ड हुन्छ, सबै उद्योगमा सामान स्टक देखिन्छ । यो पाराले त मिल्क हालिडे होलाजस्तो भइसक्यो ।"

इलाममा दुग्ध विकास संस्थान (डिडिसी) र निजी दुग्ध उद्योगका लागि ७८ हजार लिटर दुग्ध दैनिक उत्पादन गर्ने करिब चार हजार परिवार कृषकको यस्तै पीडा छ ।

सूर्योदयका दुग्ध व्यवसायी अमृत पाण्डेले घ्यू र छुर्पी बिक्री नभएपछि निजी डेरीहरूले दूधको मूल्य घटाउन बाध्य हुनुपरेको गुनासो गरे । सन्राइज डेरी उद्योगमा दैनिक दुग्ध सङ्कलन गर्दै आएका पाण्डेसँग हाल घ्यू छुर्पी

» बाकी ६ पृष्ठमा

# विकसित देशबाट नेपालले पनि सिक्नुपर्छ



■ **मोहन कार्की**

**काठमाडौं–** विश्वका विकसित भएका राष्ट्रहरु पनि कुनै वेला नेपाल जस्तै अल्पज्ञान भएका अल्प विकसित नै थिए । कतिपय राष्ट्रहरु त नेपाल भन्दा पनि गरिव थिए । तर समय र परिस्थितिसँगै ति देशहरुका साशक, सरकार चलाउने व्याक्तिहरु फेरिए, ति देशहरुमा पनि क्रान्ति राजनीतिक परिवर्तन भएको देखिन्छ ।

नेपालकै सिमाना जोडिएका देशहरु भारत, चिन, त्यहाभन्दा अलि पर मलेसिया, सिंगापुर, हङकङ, कोरिया, भियतनाम जस्ता देशहरुले छोटो समयमा नै विकासको पथमा फड्को मारेकाछन् । उनिहरुले असफल भएका तरिका फेरेर नयाँ तरिका अपनाएर देश विकास गरेका हुन् ।

विकास गर्ने मोडलहरु ति देशका तरिकाहरु हेरेर सिकेर भएपनि नेपालको विकास गर्न सक्नुपर्छ । नेपाल जस्तो द्वान्द्वमा फसेर विकास भएको लाओस देशले समेत पछिल्लो समय विकासको पथमा अगाडी बढीरहेको छ ।

त्यस्तै कयौ देशहरु विकासको पथमा लागिरहेकाछन् । राम्रो बिषय जुन देशवाट सिक्दा पनि हुन्छ । तर नराम्रो कुराहरु चै कुनै देशवाट सिक्नु हुदैन । द्वान्द्वमा फसेर देश नै ध्वस्त भएको कङगो, सुडान जस्ता देशको जस्तो जतिखेर पनि द्वान्द्व गर्नुहुदो रहेनछ भनेर पाठ सिक्नुपर्छ । नेपालमा पनि यो व्यवस्था ठिक भएन, त्यो व्यवास्था ठिक भएन भनेर थुप्रै पटक क्रान्ति भएकाछन, आन्दोलन भएकाछन् मानिसहरु मारिए तर त्यसले पनि देशलाइ परिवर्तन गर्न सकेको देखिदैन ।

नेपालले आफ्नो देशलाई विकास गर्न विकसित मुलुकहरुवाट सिकेर त्यस्तै सकरात्मक तरिकाहरु अपनाउदै देशको विकास गर्न थाल्नुपर्ने देखिन्छ । नेपलले गर्नुपर्ने कामहरु विशेषत भौतिक पुर्वधारका साथसाथै रोगगार सृर्जना गर्न सक्ने ठुला स्केलका उद्योग कलकारखानको स्थापना, कृषिमा आधुनीकिकरण, पर्यटनको विकास जस्ता महत्वपूर्ण क्षेत्रमा काम गरेर देशलाई विकास गर्ने आधार बनाएमा नेपालको विकास हुने देखिन्छ ।

त्यो काम गर्नलाई नेपालका योजनाकारहरुको बल बुद्धिले मात्र नपुगेमा विकसित देशहरुले कसरी त्यसको व्यवस्थान गरेका रहेछन् । त्यो विकासको मोडलको आधारलाई अधार मानेर पनि विकास गर्न सक्छन् भन्ने उदारण छन् ।

नेपाल देशले यो भन्दा अवको परनिर्भरता थेग्न सक्दैन । युवा पुस्ताहरु देश छोडेर पलायन हुने चलनलाई नरोक्ने हो भने देश भविष्मा खाली बनेर नेपाल उजाड बन्ने देखिन्छ । त्यसैले नेपालको विकासमा विकसित राष्ट्रहरुवाट सिकेर नेपालको विकासको आधार तयार गर्न ढिलो गर्नुहुदैन ।

## एनसीएनसीको नयाँ कार्यकारिणी बोर्ड अध्यक्षमा डाक्टर विकास



■ **शाक्य विजयी**

काठमाडौं- अमेरिकी राज्य नर्थ क्यारोलिनामा रहेको नेपालीहरूको सबैभन्दा पुरानो संस्था नेपाल सेन्टर फर नर्थ क्यारोलिना (एनसीएनसी) को नयाँ कार्यकारिणी बोर्डमा डाक्टर विकास शाक्यको प्यानलले वर्चश्व कायम गरेको छ ।

संस्थाको सन् २०२४/२५ को नयाँ कार्यकारिणी बोर्डका लागि भएको निर्वाचनमा डाक्टर शाक्यको प्यानलले जीत हासिल गरेको हो ।

शाक्यले आफ्ना प्रतिस्पर्धी डाक्टर चिरञ्जीवी भट्टराईलाई १ सय ३९ मतान्तरले पछि पार्दै बोर्ड अध्यक्षमा जीत प्राप्त गरे । शाक्यले कुल ४ सय ३६ मत पाउँदा भट्टराईको पक्षमा २सय ९७ मत खसेको थियो । वरिष्ठ उपाध्यक्षमा विजयी ददिन पाण्डेले ४ सय २६ मत हासिल गर्दा उनका प्रतिस्पर्धी कुलानन्द शर्माले २ सय ९९ मत पाए । उपाध्यक्षमा जित प्राप्त गरेका नारायण लुइँटेलले ४ सय ३३ मत पाउँदा उनका प्रतिस्पर्धी रचना सुवेदी पोखरेलले २ सय ९१ मत ल्याइन ।

महासचिवमा विजयी कल्पना भण्डारीले ४ सय ४६ मत प्राप्त गर्दा प्रतिद्धन्दी ऋषिराम अधिकारी २ सय ६० मतमा समिति रहे । पाँच सदस्यमा प्रियान्सु नेपाल, रमेश ओली, निभिता शर्मा, कालिदाश भण्डारी र तीला धमला चौलागाई विजयी भएका छन् ।

अविरल वर्षासँगैको कठाङ्गिदो चिसोका बाबजुद निर्वाचनमा उत्साहजनक सहभागिता रहेको थियो । निर्वाचनमा ७२ प्रतिशत मत खसेको निर्वाचन समितिले जनाएको छ । सन् १९९९ मा स्थापित एनसीएनसी अमेरिकामा अत्यन्त सक्रिय नेपालीहरू आबद्ध संस्था मध्य एक हो ।

## पशुपति क्षेत्र विकास कोषको सल्लाहकार पद खारेज

**काठमाडौं–** पशुपति क्षेत्र विकास कोषमा विभिन्न समयमा नियुक्त गरिएका एक सय भन्दा बढी सल्लाहकारहरूको पद खारेज गर्ने निर्णय भएको छ । बुधवार बसेको कोषको परिषद् बैठकले यसभन्दा अगाडि गरिएका सल्लाहकार नियुक्तिको निर्णयलाई खारेज गर्ने निर्णय गरेको हो ।

राज संस्थाको पालादेखि हालसम्म विभिन्न समयमा नियुक्त गरिएका सय भन्दा बढी सल्लाहकार खारेज गरिएको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीको सचिवालयले जनाएको छ ।

परिषद् बैठकले पशुपति क्षेत्र परिषदमा मदिरा विक्री वितरण समेत बन्देज गर्ने निर्णय गरेको छ । बैठकले पशुपति दर्शन तथा अवलोकनमा आउने दर्शनार्थी र पर्यटकहरुको सुरक्षाका लागि सुरक्षा पोस्टहरू निर्माण गर्ने समेत निर्णय गरेको जनाएको छ ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१६, अंक- २०, २०८० साल पुस १० गते मंगलबार (Dec 26, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

### पुर्वधारको निर्माण गर्दा समावेशीता अपनाऔ ।

यतिवेला देशैभरीका पालिकास्तरमा राष्ट्रपति रनिङ शिल्ड भईरहेकाछन् । नेपालमा पनि खेलकुदको विकासद्धारा खेलकुद पर्यटन भित्र्याएर नेपालको अर्थतन्त्रमा टेवा दिन सकिने सम्भावनाहरु रहेकाछन् । नेपालका कतिपय हिमाली र पाहाडी जिल्लाहरुमा हिमाल देखिने क्षेत्रमा रंगाशाल निर्माण गरेर खेलकुदको विकास गर्ने हो भने खेलकुदको माध्यमवाट पनि नेपाललाई विकास गर्नसक्ने आधार देखिन्छ ।

यस्तो अवस्था निर्माण गर्न नेपालले पनि राम्रा खेलाडी उत्पादन गरेर अन्तराष्ट्रिय पदक जित्न सक्ने खेलाडी उत्पादन गर्न सक्नुपर्छ । त्यो अवस्थासम्म पुऱ्याउनलाई स्थानीय रुपमा उमेर समूहका खेलाडीहरुलाई दिर्धकालीन योजना बनाएर गर्नुपर्ने कामहरु सवै गर्न सक्नुपर्छ तव मात्र अब्बल खेलाडी उत्पादन गर्न सकिन्छ ।

नेपालमा खेलकुदको क्षेत्रमा सधै राजनीतिक नियुक्त र विवादले ग्रस्त हुने गरेको थियो । त्यो अहिलेका खेलकुद क्षेत्रका सदस्य सचिव नियुक्त हुदा समेत सर्वोच्चमा मुद्दा खेपेर सर्वोच्चको निर्णय पछि पद बहाली भएकाहुन् । यसरी कहिल्यै पनि राजनीतिक विवादवाट अछुतो नरहेको खेलकुद क्षेत्र पछिल्लो समय स्थानीयस्तरमा नै विना विवाद प्रतिस्पर्धाहरु हुन थालेकाछन् । सुस्ताउदै गएको खेलकुद क्षेत्र उठ्न लागेको देखेर खेलाडीहरुमा उत्साह थपिएको छ । यो उत्साहलाई कायम राख्न थप खेलकुद क्षेत्र व्यवस्थित हुनुपर्छ ।

तर पालिकास्तरमा हुने खेलकुद र जिल्लास्तरमा प्रतिस्पर्धा गराइने खेलहरुमा कतिपय ठाउँमा बजेटको व्यवस्थापन हुन नसक्दा खेलकुद मैदानको समस्या रहेका छन् । कतिपय खेलकुदका लागि भौतिक सरचना निर्माण भएको भएपनि त्यसलाई सञ्चालन गर्ने स्रोत साधनको अभावमा सोचे जस्तो परिणाम आउन सकेको छैन ।

जिल्ला खेलकुदको लगि बजेट नै नभएको भनेर जिल्ला खेलकुद विकास समितिहरुले गुनासो गर्दै आएकाछन् । प्रदेशले खेलकुदको लागि बजेट प्रस्तुत गर्ने गरेको भएपनि त्यो बजेट स्थानीय निकायको एकमुष्ट हिशाव भएको भनेर भन्ने गरेको छ । यसरी स्थानीय, प्रदेश, संघ बीचको समन्वय नहुदा र खेलकुद क्षेत्र एक अर्कामा अलमलिदा खेलकुद क्षेत्रका नव प्रतिभा खेलाडीहरुले प्रतिस्पर्धा गरेर उत्साहित हुने मौकावाट समेत बञ्चित हुनुपर्ने हो की भन्ने चिन्ताहरु बढ्न थालेकाछन् ।

त्यसकारण अलमलिरहेको खेलकुद क्षेत्रमा पलाउदै गएको आसालाई थप विश्वासको वातावरण बनाउन कमी कमजोरीहरु सुधार गरेर खेलकुदको विकासमा सम्बन्धित पक्षहरुले महत्व दिनुपर्छ र नेपाललाई खेलकुद क्षेत्रवाट पनि विश्व सामु चिनाउन र खेल पर्यटनको लागि सम्भावना भएको नेपालले खेलकुद पर्यटन भित्र्याएर आम्दानी गर्न सक्ने आधारलाई पछ्याउन सक्नुपर्छ ।

# गाँजा खेती वैध गरौँ, अर्थतन्त्रमा टेवा पुऱ्याऔँ



**निनाम लोवात्ती**

दैनिक पत्रपत्रिकामा हामीले प्रायः हरेक दिनजसो प्रहरीले गाँजा खेती नष्ट गरेको, गाँजा बरामद गरेको, गाँजा तस्करी गरेको, गाँजा सेवन गरेको, गाँजा बिक्री गरेको आरोपमा विभिन्न ठाउँबाट मानिस पक्राउ परेको भन्ने समाचार पढ्न, सुन्न र हेर्न पाउँछौं ।

त्यस्तै गरेर प्रहरीले गाँजा खेती फाँड्दै गरेको तस्वीर र भिडियो तथा समाचारहरु पनि हेर्न र देख्न सक्छौं । तर यस्तो अवस्थामा एक्कासी हालसालै नेपाल सरकारले गाँजा खेतीका सम्बन्धमा सम्भाव्यता अध्ययन गर्नका लागि गृह मन्त्रालयले एक कार्यदल गठन गरेको समाचार आएको छ ।

हुन पनि अर्थमन्त्री डा. प्रकाशशरण महतले आर्थिक वर्ष २०८०/०८१ का लागि वार्षिक बजेट प्रस्तुत गर्ने क्रममा गाँजा खेतीको सम्भावनाका लागि अध्ययन गर्ने भनी बुँदा नम्बर-१०५ मा उल्लेख गरेका थिए ।

सो बुँदामा 'औषधिजन्य प्रयोगका लागि गाँजा खेतीको सम्भाव्यतासम्बन्धमा अध्ययन गरिनेछ' भनिएको छ । त्यसो त नेपालमा गाँजाको प्रयोगका सम्बन्धमा जथाभावी दुरुपयोग होला कि भन्नेमा केही मानिसले चिन्ता गर्ने गरेका छन् । जुन कुरोलाई ठाडै अस्वीकार गर्न सकिँदैन ।

हुन पनि केही वर्षअघि एक राष्ट्रिय दैनिकले राष्ट्रिय समाचार समितिलाई उद्धृत गर्दै प्रकाशित गरेको समाचारमा गुल्मी जिल्लाको रेसुङ्गामा सामाजिक सञ्जाल फेसबुकको म्यासेन्जरलाई प्रयोग गरेर (ग्रुप बनाएरै) गाँजा खाने समूह बनाइएको भन्ने उल्लेख गरेको थियो ।

सो समाचारले गाँजा (लागूपदार्थ) खाने मानिसले समूह बनाएरै विभिन्न सामाजिक सञ्जालहरु प्रयोग गर्न थालेका रहेछन् भन्ने जानकारी गराउँछ । समाचार अनुसार गुल्मीमा फेसबुकको माध्यमबाट खुलेको सो समूहले गाँजा (लागूपदार्थ) खाने आफ्नो समूहको नाम 'जी ग्रुप' राखेका रहेछन् ।

जुन ग्रुपले आफूहरुले गाँजा खाने ठाउँ, गाँजा लिने पालो र गाँजा खान सहभागी हुने विषयमा समेत छलफल गर्ने गरेका रहेछन् । यो समाचारले के संकेत गर्छ त भने, नेपालमा गाँजालाई लागूपदार्थ भनी वर्गीकरण गरेर राखिएको छ । त्यसैले यसको प्रयोग लुकेर गर्ने गरिएको हुन सक्छ ।

गाँजाको नकारात्मक पक्षभन्दा सकारात्मक पक्ष धेरै छन् । त्यसैले त अरु देशलाई गाँजा खेती गर्न प्रतिबन्ध लगाउन उक्साउने देश अमेरिका, क्यानडा, थाइल्यान्डलगायत विश्वका धेरै देशले गाँजाको सही सदुपयोग गरेका छन्, खेतीपाती नै गरेर आर्थिक उन्नति गरेका छन् । तर, नेपालमा गाँजाको स-सानो दुरुपयोगलाई देखाएर ठूलो इस्यु बनाई गाँजा प्रतिबन्धलाई कायमै राख्ने प्रपञ्च गरेको देखिन्छ । हुन त केही नेपाली युवाहरुलाई निश्चय नै गाँजाको दुरुपयोगले विनष्ट गरेको देखिन्छ । यसमा हामीले असहमति जनाउनुपर्ने कुरै छैन ।

नेपालमा गाँजा प्रयोगको इतिहास हेर्दा विगतमा नेपालमा कानुनीरुपमै गाँजा खेती गरिन्थ्यो । खुल्लारुपमा बेचिन्थ्यो पनि । त्यस्तो देशको केन्द्र भाग काठमाडौंमा नेपाल घुम्न आएका विदेशी पर्यटकलाई खुल्लारुपमा गाँजाको विभिन्न परिकारहरु बनाएर बेच्ने होटेल, गेस्ट हाउस, लज र रेस्टुरेन्टहरु चलाइन्थ्यो । धेरै पछि मात्रै गाँजा खेती र गाँजा बेचबिखनलाई नेपालमा गैरकानुनी गराइएको हो ।

पछिल्लोपटक आएको माथि उल्लेख गरिएको समाचारले नेपालमा चाँडै गाँजा खेतीलाई खुल्ला गर्नुपर्छ भन्नेहरुको भनाइलाई 'ब्रेक लगाउन सहयोग गर्ने!' देखिन्छ । खासमा विश्वव्यापीरुपमा लागू गरिएको 'सिंगल कन्भेसन अन नार्कोटिक ड्रग' भन्ने लागूऔषधसम्बन्धी विश्वव्यापी अन्तर्राष्ट्रिय सन्धिलाई नेपालले सन् १९६१ मा पारित गऱ्यो ।

त्यसले नेपालका गाउँ-गाउँमा स-सानो परिणाममा हुने गरेको गाँजा खेतीलाई नराम्रोसँग असर गऱ्यो । हुन त गाँजा खेतीलाई नेपालमा त्यो बेला व्यापार गरेर पैसा कमाउनभन्दा पनि मानिसहरुले औषधिमूलोका रुपमा प्रयोग गर्न गाँजा खेती गर्ने गर्थे ।

जे भए तापनि 'सिंगल कन्भेसन अन नार्कोटिक ड्रग' सन्धिलाई नेपालले पारित गरेपछि नेपालको अधिकांश ग्रामीण क्षेत्रमा हुने गाँजा खेती गैरकानुनी भयो । फलस्वरुप हालसम्म पनि कतिपय जिल्लामा स्थानीय किसानले लुकिछिपी गर्ने गरेको गाँजा खेतीलाई प्रहरी-प्रशासनले बारीमै पसेर नष्ट गर्ने गरेका छन् ।

यसरी नेपाल सरकारले अवैध मानेको गाँजा खेती 'मकवानपुर, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, गोरखा, काभ्रे, चितवन, रोल्पा, रुकुम, अर्घाखाँची, डोल्पा, पर्सा, सिन्धुली, दाङ, धनकुटा, सुनसरी, इलाम, पाँचथर, झापालगायत जिल्लामा लुकिछिपी गर्ने गरिन्छ ।

खासमा 'गाँजा' खेती गर्न कानुनीरुपमा खुल्ला गर्दा नेपालमा अझै पनि आम्दानीको धेरै राम्रो स्रोत हुन सक्ने देखिन्छ । यसो गर्दा कम लगानी र कम मेहनत गरेरै नेपाली किसानले धेरै राम्रोसँग आयआर्जन गर्न सक्ने र उनीहका लागि आयआर्जनको सजिलो माध्यम पनि हुन सक्ने देखिन्छ । अझ यसका लागि राज्यले न एक पैसा लगानी गर्नुपर्छ, न त कुनै पूर्वाधार नै निर्माण गर्नुपर्छ ।

बरु राज्यले त बसी-बसी सित्तैमा गाँजा खेती गर्ने स्थानीय किसानबाट कर लिएर राजस्व बढाउन सक्छ । त्यस्तै अन्तर्राष्ट्रिय बजारमा गाँजा व्यापार गर्ने व्यापारीहरुबाट पनि निकासी कर लिन पाउँछ । त्यसैले सरकारले त गाँजा खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने र बजार व्यवस्थापन तथा बिक्री वितरणका लागि सहजीकरण गर्दा पो अझ राम्रो हुने देखिन्छ ।

हुन पनि विना कुनै लगानी र ठूलो मेहनतविना नै यस्तो राम्रो आम्दानी हुने गाँजा खेतीलाई कसैको लहैलहैमा किन प्रतिबन्ध लगाउने ? त्यसैले मेरो के आग्रह छ भने, 'सरकार, सकेसम्म छिटो गाँजा खेतीलाई खोली वैधता दिऔँ, नेपाली किसान, व्यापारी र नेपाल सरकारले पनि सजिलैसँग पैसा कमाऔँ ।'

गाँजा खेती अवैध र गैरकानुनी घोषित भएको अवस्थामा पनि नेपालका विभिन्न जिल्लामा गाँजाको बोटको रेसा (बोक्रा) बाट अनेक खालका लत्ताकपडाहरु जस्तै- झोला, सर्ट, पर्स, पेटी, टोपी, इस्टकोट, ह्यान्ड ब्याग, सोल्जर ब्याग, बोर्की आदि बुन्ने गरेर घरेलु इलमको रुपमा काम गरेर देशैभरि हजारौं मानिसहरु स्वरोजगार र आत्मनिर्भर भएका छन् ।

त्यसैले सरकारले गाँजा खेतीलाई खुल्ला गर्ने र गाँजा खेती गर्ने किसानलाई थप प्रोत्साहन अनि उत्साह जगाउने कार्यक्रमहरु ल्याएमा राम्रो हुन्छ । त्यसो गर्दा नेपालले आर्थिकरुपमा छिट्टै नै काँचुली फेर्न सक्ने देखिन्छ ।

नेपालमा गाँजालाई अवैध मान्नुपर्ने, प्रतिबन्धित अवस्थामै राख्नुपर्ने, किसानहरुलाई गाँजा खेती गर्न दिन नहुने भन्नेहरुको भनाइ र तर्क के छ भने, यदि नेपालमा गाँजा खेतीलाई खुल्ला गर्ने हो भने, गाँजा खेती खुल्ला गर्नेबित्तिकै सबै नेपाली युवाहरु 'गँजडी' बन्छन्, देशको होनहार युवाशक्ति बेकामे बन्छ, राष्ट्रलाई ठूलो घाटा हुन्छ ।

यसो सुन्दा माथिका तर्कहरु पनि ठीकै लाग्छन् । तर, त्यसो नहोस् भन्नका लागि उपाय पनि त छ नि ! जस्तै- हामीले नियमन गर्ने एक अलग्गै निकाय बनाउन सकिन्छ । जथाभावी गाँजा खेती गर्न र बिक्री वितरण गर्न नदिने व्यवस्था गर्न सकिन्छ ।

गाँजा खेती गर्ने किसानहरुलाई साना, मध्यम र उच्च गरी तीन तहको लाइसेन्स दिएरै गाँजा खेतीको अनुमति दिन सकिन्छ । त्यस्तै गरेर गाँजा बिक्री वितरण गर्ने व्यापारीहरुलाई पनि स्थानीय र अन्तर्राष्ट्रिय गरी छुट्टाछुट्टै लाइसेन्स दिन सकिन्छ ।

अन्त्यमा, अनौपचारिकरुपमा सुनिएको कुरालाई आधार मान्दा नेपालमा गाँजालाई अवैध र गैरकानुनी मानिएको हुँदा नेपालका धेरैजसो आयुर्वेद औषधि बनाउने कम्पनीका साथै एलोप्याथी औषधि बनाउने कम्पनीहरुले नाजायज र अवैधरुपमा बढी पैसा तिरेर 'गाँजा' किन्नुपर्ने बाध्यता रहेको छ अरे !

त्यसैल हाम्रो देशका आयुर्वेद तथा एलोप्याथी औषधि कम्पनीहरुलाई आवश्यक पर्ने गाँजा किन्न (मानसिक सन्तुलन गुमाएका बिरामीहरुलाई लठ्याउन दिइने औषधि बनाउने कच्चा पदार्थ) का लागि वार्षिक अर्बौं नेपाली रुपियाँ विदेश पठाउने गरेका छन् अरे !

यसरी वार्षिकरुपमा बाहिर जाने नेपाली पैसा रोक्नका लागि पनि गाँजा खेतीलाई वैधरुपमा खेती गर्न र प्रशोधन गर्न दिँदा राम्रो हुने देखिन्छ ।

# “भ्वाइस अफ नेपाल” नकाउट राउन्डमा बाहिरेका मिलन बिश्वकर्माको भ्वाइसको यात्रा



**काठमाडौं–** जन आकाश मिडिया प्रा.लीले निर्माण गरेको प्रतिभाको लागि सम्मान र नव प्रतिभाको लागि स्थान दिने गरी स्थापना गरिएको सङ्गीत खबर कार्यक्रम अहिले दर्शक श्रोता माझ निकै लोकप्रिय बन्दै आएको छ। अहिले यो कार्यक्रम नव प्रतिभा र नयाँ कलाकार मात्र नभएर गीत सङ्गीत क्षेत्र र कलाकारिता क्षेत्रमा लामो समय बिताइसकेका राष्ट्रलाई योगदान पुऱ्याएका कलाकार पनि सङ्गीत खबर कार्यक्रममा जोडिरहेका छन् ।

टेलिभिजन रियालिटी शो ‘द भ्वाइस अफ नेपाल’को नकआउट राउन्डमा बाहिरिएका मिलन बिश्वकर्मासँग भ्वाइसको अफ नेपालको यात्रा अनि गीत संगीतको कुराकानीलाई हामीले यस अंकमा प्रस्तुत गरेका छौं ।

### तपाईंको भ्वाइस अफ नेपालको यात्रा कस्तो रहयो ?

एकदमै सम्झना लायक अबिस्मरणीय रऱ्यो । दर्शक श्रोताको “यति धेरै माया साथ सपोट पाउँछु भनेर कल्पना समेत गरेको थिइन् । भ्वाइस अफ नेपालको यात्रा म कहिले पनि बिर्सिन सक्दिन यो जन आकाशको माध्यमवाट कार्यत्रमबाट सबैलाई सम्झिन चाहन्छु ।

### भ्वाइस अफ नेपालको यात्रा तपाईंको कहाँ सम्मा थियो काहा गएर टुङ्गियो ?

“सुरुमा ब्लाइन भयो । ब्लाइन पछि ब्याटल भयो। ब्याटलछि नकाउट भयो। नकाउटमा हामी नौ जना प्रतिशप्रधिहरु थियौँ । त्यसमा कोचले छानेर तिन जना जानु पर्ने थियो । तेस्मा म पर्न सकिन् । तर म एकदमै खुशी छु। भ्वासको स्टेज चढ्नु नै मेरो लागि ठुलो कुरा थियो । अग्रज कोचहरूबाट धेरै कुरा सिक्ने मौका पाए । मेरो भ्वाइसको यात्रा नकाउट सम्मा रहेछ । नकाउट राउन्डमा गएर मेरो भ्वाइसको यात्रा टुङ्गियो ।”

### भ्वाइसको त्यति ठुलो प्लेट फममा आँनो प्रस्तुती दिादा कस्तो अनुभव भयो ?

मेरो सानैदेखिको सपना थियो कुनै रियालिटी सोमा गएर आफ्नो प्रस्तुति दिन्छु भन्ने। त्यो सोचे अनुरूप नै भयो । भ्वाइस अफ नेपालमा गएर गाउने मेरो मात्र सपना थिएन मेरो बुवाको पनि ठुलो सपना थियो। भ्वाइसको स्टेज चढेर छोराले गाएको हेर्ने बुबाको सपनालाई पनि विपनामा परिणत गराए । एकदमै रमाइलो भयो ,। धेरै कुरा अग्रजबाट सिक्न पाइयो। यो जन आकाश मिडियाले तयार पारेको संगीत खबर कार्यक्रमबाट “भ्वाइसका कोच सबै प्रतिस्पर्धीहरुलाई सम्झिन चाहन्छु ।

### भ्वाइस अफ नेपालको ब्याटल राउन्डमा कोसाग प्रतिस्पर्धा गर्नु भयो त्यो ब्याटल राउन्ड कस्तो रहयो ?

“मेरो ब्याटल चाहिँ अर्जुन सुनारसँग भएको थियो। हामीले ‘उदित नारायण झा’ को ‘मायाले बाधौं लौ रेसम’ बोलको गीतबाट प्रतिस्पर्धा गरेका थियौँ । त्यो गीतको प्रस्तुतिबाट कोचले मलाई अगाडी बढाउनु भयो । हामीले मामा भान्जाको साइनो लगाएका थियौँ। जो अगाडी बढेनी हामीले राम्रो पस्तुती दिनुपर्छ भनेर अगाडी बढेका थियौँ। हामी दुई जनामध्य एकजना आगाढी जानै पर्थ्यो। यदि मामा अगाडी जानु भएको भएनी म खुसी नै हुन्थे। यो कार्यक्रमबाट मामालाई नि धेरै सम्झिन चाहन्छु ।

### भ्वाइस अफ नेपालबाट दर्शक श्रोताको कस्तो खालको माया पाउनु भयो ?

एकदमै राम्रो प्रतिक्रिया अनि धेरै माया पाइयो । मैले सकेसम्म राम्रो प्रस्तुति दिने कोसिस गरेको थिए सुरुदेखि अन्यसम्म मैलै दर्शक श्रोताबाट जति मायाको अपेक्षा राखेको थिए त्यो भन्दा धेरै माया साथ सपोट पाए । सन्तुष्ट छु । सबैले माया दिराख्नु भएको छ म बाहिरे पनि ।

### गीत संगीतलाई तपाईंको घर परिवारले कसरी बुझ्नुहुन्छ ?

मेरो बुवा पनि नेपाली गीत संगीतलाई धेरै माया गर्ने लोक गायक हुनुहुन्छ। बुवाको ठुलो सपना छ। छोरो स्थापित गायक भएर देशलाई चिनाएको हेर्ने। बुवाले गायकका केही लोकदोहोरी गीत पनि बजारमा छन्। घरको आर्थिक अवस्था परिवारको जिम्मेवारीले गीत संगीतमा केही गर्छु भन्ने रहर हुँदाहुँदै बुवा विदेश जानु पऱ्यो। बुवाले गीत संगीतलाई धेरै बुझ्नु भएको छ । बुवाले मलाई गीत संगीतमा लाग्न धेरै सपोट गर्नुहुन्छ । आफूले गीत संगीतमा केही गर्न नसके पनि छोराले गीत संगीतमा केही गर्दिए हुन्थ्यो भन्ने सोच्नु हुन्छ । मैले बुवाले गाएको गीत भ्वाइस अफ नेपालमा पनि गाएको थिए ।

भ्वाइस अफ नेपालको ब्याटल राउन्डमा बाहिरिदा मिलन विश्वकर्मा भावुक हुँदै जन आकाश मिडियाले निर्माण गरेको संगीत खबर कार्यक्रममा बताएका छन् ।

# जाजरकोट भूकम्पका लाभग्राही ८० हजार पुग्ने अनुमान



**काठमाडौं–** जाजरकोट भूकम्पका लाभग्राहीको सङ्ख्या बढेको छ। विवरण सङ्कलनको क्रम जारी रहेकाले सङ्ख्या अझै बढ्ने अनुमान गरिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आजसम्म लाभग्राहीको सङ्ख्या ६७ हजार सात सय ८० पुगिसकेको छ । यो अझै थपिने क्रममा छ । यसअघि ५९ हजार भन्दाबढी लाभग्राही कायम भएकामा पछिल्लो अध्यावधिक तथ्याङ्कमा झण्डै नौ हजार थपिएका हुन् ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले सङ्ख्या बढेर ८० हजार पुग्ने अनुमान रहेको र सोहीअनुसारको तयारी भइरहेको जानकारी दिए । सुरुमा २८ हजार लाभग्राही कायम भएको थियो। त्यसपछि चार हजार थपिएर ३२ हजार हुनपुग्यो। बढ्दै जाँदा ५९ हजार कायम भएकामा अहिले थपिएर ६७ हजार नाघेको हो ।

प्राप्त विवरणअनुसार अहिलेसम्म जिल्लामा ३५ हजार एक सय ४०, रुकुमपश्चिममा २३ हजार छ सय आठ, सल्यानमा एक हजार सात सय ३०, बझाङमा चार हजार पाँच सय ७६ र बाजुरामा दुई हजार सात सय २९ लाभग्राही कायम भएको प्राधिकरणका नीति तथा योजना महाशाखा प्रमुख भरतमणि पाण्डेले बताए । लाभग्राहीको सङ्ख्या बढिरहेसँगै उनीहरुका लागि पुनःस्थापन तथा अस्थायी आवास निर्माणको लागत पनि बढ्नेछ । अहिलेसम्म ती लाभग्राहीको अस्थायी आवास निर्माणका लागि दुई अर्ब २६ करोड भन्दाबढी केन्द्रबाट जिल्लामा रकम पठाइसकिएको छ ।

अझै लाभग्राही बढ्नसक्ने हुँदा अनुमानित लाभग्राहीका आधारमा चार अर्ब ७५ करोड रुपैयाँ आवश्यक हुने देखिएकाले थप रकम मागका लागि पहल भइरहेको प्राधिकरणले जनाएको छ ।

जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गत कात्तिक १७ गते गएको भूकम्पले जाजरकोटसहित रुकुमपश्चिम, सल्यान, बझाङ र बाजुरामा क्षति पुऱ्याएको थियो । अहिले सो क्षेत्रका पीडितको अस्थायी आवास निर्माणको काम जारी रहेको छ ।

# ३८० किलो गाँजासहित २ जना पक्राउ



**काठमाडौं–** चितवनमा ३८० किलो गाँजासहित दुई जना पक्राउ परेका छन् ।

भरतपुर महानगरपालिका ९१ आँपटारीबाट मंगलबार बिहान दुई जनालाई गाँजासहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेहरूमा भारत सम्बल बस्ने ४५ वर्षीय अनिल गिरी र सोही ठाउँ बस्ने ३० वर्षीय राजपाल रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय चितवनबाट खटिएको प्रहरीले जेएच -०२ डब्लु ९६३१ नम्बरको भारतीय ट्रकलाई जाँच गर्ने क्रममा ट्रकको अगाडि क्याबिनमा फल्स बटम बनाई लुकाएको २८ पोका बरामद गरेको हो । पक्राउ पर्ने दुई जना चालक र सहचालक हुन् । यसबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# रामेछाप डायरी

## रामेछापको मलागिरिमा हिरण्य प्र. पौडेलको पहलमा बन्ने भयो योगाश्रम



रामेछाप-रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नं ८ मलागिरिमा योगाश्रम बन्ने भएको छ । भारतीय राजदूतावासको ८० प्रतिशत अनुदान र नेपाल सरकारको २० प्रतिशत लागतमा उक्त योगाश्रम बन्न लागेको हो ।

सो भवनको यहि मितिः २०८० पौष ४ गते शिल्यान्यास गरिएको छ । संघीय सांसद पूर्ण बहादुर तामाङ(कान्छाराम),रामेछाप नगरपालिकाका प्रमुख लबश्री न्यौपाने र भारतीय राजदूतावासका द्धितीय सचिव प्रशान्त कुमार सोनाले संयुक्त रुपमा भवनको शिल्यान्यास गरेकाछन ।

भवन शिल्यान्यास कार्यक्रममा बोल्दै संघीय सांसद पूर्ण बहादुर तामाङ(कान्छाराम) ले जिल्लाको पर्यटन प्रबद्धनसँग जोडिएको मलागिरि योगाश्रम बन्नु खुशीको कुरा भएको बताएकाछन । शान्त र आनन्दित यो क्षेत्रमा योगाश्रम बनेपछि नेपालका मात्रै नभएर भारतका पनि धेरै मानिसहरु योगा गर्न आउने वातावरण बनाउनुपर्ने उनले बताएकाछन । सोहि अवसरमा प्रतिनिधिसभा सदस्य कान्छारामले भारतिय राजदुतलाइ भारत सरकारले सहयोग गर्दा यस्तै पाहाडि भुभागमा गरेमा खेर नजाने बताएका थिए ।

रामेछाप नगरपालिकाका प्रमुख लबश्री न्यौपानेले पर्यटन क्षेत्रमा उच्च सम्भावना बोकेको मलागिरि डाँडामा भारतीय राजदूतावासले लगानी गरेकोमा धन्यवाद व्यक्त गरेका थिए। उनले पछिल्लो समय नगरपालिकाले पनि पर्यटकिय क्षेत्रहरुको विकासका लागी विभिन्न योजनाहरु बनाएको नगरपालिककै सवैभन्दा अग्लो स्थानमा बुद्धको मुर्ति निर्माण गर्ने योजना पनि सुनाएका थिए ।

उक्त कार्यक्रममा बोल्दै भारतीय राजदूतावासका द्धितीय सचिव प्रशान्त कुमार सोनाले भारत सरकारले नेपालको सांस्कृतीक विकासलाई जहिले पनि प्राथमिकतामा राख्ने गरेको भन्दै आगामी दिनहरुमा पनि यस्ता सहयोगहरुलाई निरन्तरता दिने बताएका थिए ।

मलागिरी विकास केन्द्रका अध्यक्ष हिरण्य प्रसाद पौडेलको पहलमा उक्त योगाश्रम ४ करोड ८४ लाख १३ हजार ३ सय १२ रुपैयाँ लागतमा बन्न लागेको हो। उक्त भवन निर्माणको जिम्मा एस रामेछाप कन्स्ट्रक्सन प्रालीले पाएको छ ।

मलागिरि योगाश्राम सिलान्यास गर्न आएका भारतिय राजदुतको टोलिले शारादा सस्कृत बिध्यालयको पनि अवलोकन गरेका थिए । उक्त अवलोकनलाइ रामेछाप नगरपालिकाले सहयोग गरेको थियो ।

## रामेछापमा २० करोड भन्दामाथिको जुनार कारोबार हुने अनुमान



पछिल्लो केही वर्ष देखि रामेछापमा अमिलो जातका फलफूल उत्पादन वृद्धि भएको छ । कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई मार्फत प्राविधिक तथा अन्य सहयोग पाए पश्चात् उत्पादनमा वृद्धि भएको कृषकहरुले बताएका छन ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना रामेछापले रामेछाप नगरपालिकाको वडाहरु १,२,४,५,६,७ र ८ मन्थली नगरपालिकाको वडाहरु ४,५,६,९,१३ र १४ लाई जुनार जोन घोषण गरी कार्यक्रमहरू गरी रहेको छ । जोन क्षेत्रमा मात्रै ५ सय ३० हेक्टरमा जुनार खेती हुने गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई रामेछापका प्रमुख थिर लाल गैरेले बताउनुभयो । जोन क्षेत्रमा परियोजनाले प्राविधिक सहयोग सिँचाइका लागि सहयोग, रोग तथा किरा नियन्त्रणमा सहयोग र चिस्यान केन्द्र निमार्णमा समेत सहयोग गरेको उहाँले बताउनुभयो ।

हाल रामेछापमा ९ सय हेक्टर भन्दा बढी क्षेत्रमा जुनार खेती हुने गरेको कृषि ज्ञान केन्द्र रामेछापले जनाएको छ। यस वर्ष ५० मेक्ट्रिकटन जुनार र सुन्तला उत्पादन भएको छ । उत्पादित जुनार तथा सुन्तलाको होलसेल मूल्य करिब २० करोड भन्दा माथि हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना रामेछापले जनाएको छ । रामेछापमा २ सय भन्दा बढी व्यावसायिक कृषि फर्म सक्रिय रहेको छन् ।

## देशका विभिन्न शहरहरुमा शिवम् सिमेन्टको "शिवम् सन्देश"




**काठमाडौं–** नेपालकै अग्रणी सिमेन्ट उद्योग शिवम् सिमेन्टले हालै जानकारी मुलक भिडियो सन्देश "शिवम् सन्देश" सार्वजनिक गरेको थियो ।

"शिवम् सन्देश" गुणस्तरीय, सुरक्षित र जुगौं-जुग रहिरहने घर निर्माणका लागि जनचेतना मुलक भिडियो सन्देशहरूको संग्रह हो । शिवम्ले देशका विभिन्न शहरहरुमा विभिन्न क्रियाकलापहरु गरी शिवम् सन्देशको प्रचार-प्रसार गरेको छ ।

इटहरीबाट सुरु गरेको उक्तप्रचार-प्रसार कार्यक्रम इटहरी, जनकपुर, नारायणगढ, हेटौडा, विरगञ्ज लगायतका शहरहरुका प्रमोटरहरु राखी चोक-चोकमा स्टाण्ड बोर्डप्रदर्शनी, पर्चा वितरण,त्तच क्अबल तथा अन्यक्रियाकलापहरु गरी शिवम् सन्देश बारे जानकारी तथा प्रचार-प्रसार गरेको हो ।

जहा शिवम सन्देशकाबारेमा बुझ्न चाहनेहरुको लागि तत्कालै जानकारी प्रदान गरिएको थियो । देशका विभिन्न शहरहरुमा शिवम्ले शिवम् सन्देशको प्रचारको गर्न लागिएको कम्पनी प्रतिनिधिले जानकारी दिएका छन् । शिवम् सिमेन्टले आफ्नो प्रचार-प्रसारमा विभिन्न समयमा नयाँ नयाँ उपायहरु अपनाउदै आईरहेको छ ।

यसमा घर निर्माण पूर्व निर्माणका योजनाहरु बनाउँदै गर्दा, घर बनाउँदै गर्दा र घर बनाइसकेपछि ध्यानदिनु पर्ने विभिन्न महत्वपूर्ण जानकारीहरू समावेश गरिएको छ । घर बनाउने जग्गाको छनौट गर्ने बारेका सुझावदेखि गुणस्तरीय निर्माण सामग्रीको छनोट र भण्डारण कसरी गर्ने, विभिन्न मौसममा घर बनाउँदा के कस्ता कुरामाविचार पुऱ्याउने आदि जस्ता थुप्रै अतिउपयोगी जानकारीहरू समेटिएको शिवम् सन्देशले "भरोसा अटुट सम्बन्धको"भन्ने शिवम् सिमेन्टको नारालाई अझै उचाइमा पुऱ्याएको कम्पनीको दाबी छ ।

भूकम्प र बाढी-पहिरो जस्ता प्राकृतिक प्रकोप प्रतिरोधी घर निर्माण कसरी गर्ने, इन्जिनियर र आर्किटेक्ट जस्ता प्राविधिकको महत्व कति हुन्छ, घर बनाउँदा बजेटको व्यवस्थापन र वितरण कसरी गर्ने ? जस्ता जटिल लाग्ने प्रश्नहरुको सरल जन बोलीमा दिइएका सल्लाह र सुझावहरू "शिवम् सन्देश"मा समेटिएका छन् ।

साथै, साधारण लाग्ने तर घर निर्माणको योजना बनाउन र घर निर्माणका क्रममा निकै उपयोगी हुनसक्ने महत्वपूर्ण जानकारी, सल्लाह र सुझावहरू पनि यसमा समेटिएको छ । सन् २००३ मा हेटौँडामा स्थापित शिवम् सिमेन्ट उद्योगले स्थानीय गुणस्तरीय चुनढुंगाको प्रयोग गरी उच्च गुणस्तरीय शिवम् सिमेन्टको उत्पादन गर्दै आएको छ ।

## सूर्यज्योति लाइफको ऐतिहासिक सफल मर्जरको एक वर्ष पुरा

SuryaJyoti जीवनको लागि

काठमाडौं- जीवन बीमा कम्पनीहरु मध्ये पहिलो पटक मर्जरको अभ्यास गरेर इतिहास रचेको सूर्यज्योति लाइफ इन्स्योरेन्सले मर्जरको एक वर्ष पुरा गरेको छ ।

सूर्यज्योति लाइफले मर्जरको एक वर्षको आफुलाई अझै दरिलो रुपमा उभ्याउन सफल भएको छ । एक वर्षको अवधिमा अझै बिस्तारित शाखा सञ्जाल, परिस्कृत बीमा योजनाहरु र ग्राहक मैत्री सेवा पस्केर ऐतिहासिक सफलताको बाटोमा लम्किने प्रयास जारी राखेको छ ।

मर्जरपछि चुक्ता पूँजी ४ अर्ब ५४ करोड रुपैयाँ पुर्याएको यो कम्पनीले संयुक्त कारोबार शुरु गरेको एक वर्षको अवधिमा सूर्यज्योतिको जीवन बीमा कोष झण्डै ८ अर्ब रुपैयाँले बढेर ३० अर्ब रुपैयाँ पुगेको छ । यो कम्पनीको कूल लगानी करिब ३५ अर्ब रुपैयाँ रहेको छ । कम्पनीले मङ्सिर मसान्त सम्ममा आफ्नो नेटवर्थ ७ अर्ब ४० करोड रुपैयाँ कायम गर्न सफल भएको छ ।

चालू आर्थिक वर्षको मङ्सिर मसान्तसम्ममा सूर्यज्योति लाइफले कूल ५२ करोड रुपैयाँ बीमा दाबी भुक्तानी गरेको छ । देशभर रहेका १७६ शाखा सञ्जाल र अभिकर्तामार्फत आफ्ना आदरणीय बिमितहरुलाई उत्कृष्ट सेवा प्रदान गर्दै कम्पनीले करिव २३ लाख जीवन बीमालेख बिक्री गरि सकेको छ । जनशक्तिका हिसाबले यो कम्पनी सबैभन्दा ठूलो रोजगारदाता जीवन बीमकका रुपमा समेत उभिएको छ ।

कम्पनिमा हाल ५७९ कर्मचारीले प्रत्यक्ष रोजगारी पाएका छन् भने देशै भरि करिव ९४ हजार अभिकर्ता सुर्यज्योति लाइफमा आबद्ध छन् । बजारको आवश्यकता र नविनतम सोच अनुसार बीमा योजनाहरु ल्याउने रणनीति अन्तर्गत यो जीवन बीमा कम्पनीले हालै कम प्रिमियममा नै ठुलो बीमा गर्न सकिने र ७० बर्षको उमेरमा तिरेको सम्पूर्ण रकम फिर्ता हुने साथै रक्षावरण आजीवन रही रहने आजीवन म्यादी बीमा 'सही प्लान'बीमा योजना सार्वजनिक गरिसकेको छ ।

## "आइएमई पे" 'भिजा पार्टनरसिप' अवार्डबाट सम्मानित




**काठमाडौं–** नेपालको पहिलो डिजिटल वालेट "आइएमई पे" भिजा पार्टनरसिप अवार्डबाट सम्मानित भएको छ ।

काठमाण्डौंमा मंगलबार आयोजित भिजा लिडरसिप कन्क्लेभ २०२३ मा भिजाले उत्कृष्ट फिनटेक कम्पनीको रूपमा IME एबथ लाई एक्सिलेन्स इन फिनटेक पार्टनरसिप अवार्डबाट सम्मानित गरेको हो । यो अवार्डले फिनटेक उद्योगमा प्राविधिक उत्कृष्टता मार्फत वित्तिय पहुँचको विस्तार गर्नुका साथै नवप्रवर्तनका लागि आइएमई पे र भिजा बिचको बलियो साझेदारीलाई प्रतिबिम्बित गर्दछ ।

आइएमई पे ले हाल भिजासंगको सहकार्यमा भर्चुअल तथा फिजिकल कार्ड प्रयोगमा ल्याएर नेपालको फिनटेक क्षेत्रमै नयाँ बेन्च मार्क सेट गरेको छ र आगामी दिनमा पनि भिजासंगको सहकार्यमा बिभिन्न नवप्रवर्तनात्मक सेवाहरु लिएर आउने जानकारी आइएमई पे का प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले जानकारी दिए ।

## प्रभु क्यापिटल लिमिटेडको हितग्राही ग्राहकको लागि विशेष अफर




काठमाडौं- प्रभु क्यापिटल लिमिटेडले आफ्ना हितग्राही ग्राहकको लागि विशेष अफर ल्याएको छ । प्रभु क्यापिटल लिमिटेड र रिसेन्ट एण्ड रिदम टुर्स एण्ड ट्राभल्सबीचमा तीन बर्षका लागि ८ पुष २०८० का दिनसम्म झौता भएको हो ।

उक्त सम्झौता पत्रमा क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत आशिष गौचन तथा रिसेन्ट एण्ड रिदम टुर्स एण्ड ट्राभल्सको तर्फबाट प्रबन्धक निर्देशक प्रकाश थापाले हस्ताक्षर गरेका हुन् । सम्झौता अनुसार प्रभु क्यापिटलमा डिम्याट खाता खोलेका ग्राहकहरुले रिसेन्ट एण्ड रिदम टुर्स एण्ड ट्राभल्स (च्च त्चबखभकि) ले दिने सेवामा आर्कषक छुट अफर पाउने भएका छन् ।

काठमाडौंको उत्तर ढोका -२, स्थित लाजिम्पाटमा रहेको यस संस्थाबाट आन्तरिक माउन्टेन फ्लाईट बुकिङ्गमा १५ प्रतिशत तथा विभिन्न अन्तर्राष्ट्रिय फ्लाईटहरूमा १० प्रतिशत विशेष छूट अफर पाउने भएकाछन् । यो अफरबाट लाभ लिन प्रभु क्यापिटलका हितग्राही ग्राहकहहरूले प्रभु क्यापिटलमा डिम्याट खाता रहेको आधिकारिक प्रमाण (म्झबतऋयलाष्कबतष्यल) प्रस्तुत गर्नुपर्नेछ जसको आधारमा टुर्स एण्ड ट्राभल्स (च्च त्चबखभकि) लेग्राहकलाई विशेष छुट दिनेछन् ।

प्रभु क्यापिटल लिमिटेड मर्चेन्ट बैंकमा अग्रणी क्यापिटल हो । जसले समयानुसारको प्रविधि अपनाउँदै आफ्ना ग्राहकहरुलाई मर्चेन्ट सेवा दिने, पूँजीबजारसँग सम्बन्धित सचेतना तथा तालिम कार्यक्रम गर्ने,आफ्ना ाउचयमगअत तथा लगानी योजनासंगै सामाजिक उत्तरदायित्व वहन साथै यस्ता व्यवसायिक सम्झौता मार्फत आफ्ना ग्राहकलाई अतिरिक्त सेवा सुविधा दिदैं आईरहेको छ ।

प्रभु क्यापिटलमा हितग्राही खाता (म्झबत ब्अअयगलत) खोल्ने सुविधा प्रभु बैंकको जुनसुकै शाखाहरुबाट पनि उपलब्ध हुनेछ ।

## ब्रिटिश काउन्सिल आईईएलटीएस प्राइज २०२३ विजेताको घोषणा

**काठमाडौं–** ब्रिटिश काउन्सिलले वार्षिक रूपमा आयोजना गर्दै आएको प्रतियागिता 'आईईएलटीएस प्राइज २०२३' का विजेताहरूको नाम घोषणा गरेको छ ।

आफ्नो शैक्षिक सपनालाई वास्तविकतामा बदल्न चाहने महत्वाकांक्षी युवा पुस्ताहरूलाई मद्दत गर्न यस प्रतिस्पर्धामार्फत काउन्सिलले विश्वभरका अंग्रेजी भाषामा पढाइ हुने विश्वविद्यालयमा आईईएलटीएसका परीक्षार्थीहरूलाई विश्वविद्यालयको ५ हजार डलर (८ लाख ४० हजार नेरू) सम्मको ट्युशन शुल्कमा टेवा दिनेछ ।

यो वर्षको प्रतिस्पर्धा चीन, जापान, हङकङ, इन्डोनेशिया, कोरिया, मलेशिया, फिलिपिन्स, सिंगापुर ताइवान, थाइल्यान्ड, भियतनाम, बंगलादेश पाकिस्तान, नेपाल र श्रीलंकाबाट आईईएलटीएसको परीक्षा दिएका परीक्षार्थीका लागि खुला गरिएको थियो । प्रतिस्पर्धात्मक आवेदन प्रक्रियामार्फत तीन जना विजेताहरूको नाम चयन गरिएको छ ।

# अर्थ संसार

## ग्लोबल आइएमई बैंकको अगुवाइमा भिजा स्क्यान टू पे भुक्तानी प्रणालीको शुभारम्भ




काठमाडौं- ग्लोबल आइएमई बैंकको अगुवाइमा नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुशनको स्विचिङ सुविधा र स्विफ्ट टेक्नोलोजीको प्राविधिक सहयोगमा "भिजा स्क्यान टू पे" भुक्तानी प्रणालीको शुभारम्भ गरिएको छ ।

काठमाडौंमा आयोजित एक विशेष समारोहमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट, ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य, नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुशनका प्रमुख कार्यकारी अधिकृत सञ्जीव सुब्बा र स्विफ्ट टेक्नोलोजीका प्रमुख कार्यकारी अधिकृत निरज ढुङ्गानाले क्यूआर स्क्यान गरी प्रथम कारोबार सहित उक्त सेवाको संयुक्तरुपमा शुभारम्भ गरेको हो ।

उक्त प्रविधिमार्फत ग्लोबल आइएमई बैंकका भिजा कार्ड बाहक ग्राहकहरुले अब फिजिकल कार्डको प्रयोग बिना नै ग्लोबल आइएमई बैंकको मोबाइल एप ग्लोबल स्मार्ट प्लसमार्फत क्यूआर क्यान गरी कुनै पनि पेमेन्ट गर्न सक्नेछन् ।

भिजा स्क्यान टू पे एउटा कार्ड-देखि-व्यापारी भुक्तानी सेवा हो । यसबाट कार्ड स्वाइप नगरी आफ्नो स्मार्टफोन प्रयोग गरेर भुक्तानी गर्न सकिन्छ । कार्यक्रममा प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक भट्टले बैंकले जारी गरेको यो प्रविधि डिजिटल प्रविधिको विकासमा कोशेढुङ्गा सावित हुने बताए ।

उहाँले नेपाल सरकार र नेपाल राष्ट्र बैंकले लिएको डिजिटल नेपाल निर्माणको लक्ष्यअनुसार नयाँनयाँ प्रविधिको विकास गरेकोमा बैंक लगायत संलग्न सबैलाई धन्यवाद ज्ञापन गरे । ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत बज्राचार्यले ग्लोबल आइएमई बैंक नयाँ नयाँ प्रविधिको विकास र विस्तारमा सधै अग्रणि रहेको बताउँदै नयाँ प्रविधिको विकासका साथसाथै यसको प्रयोग पनि उत्तिकै जरुरी भएको र सबै सरोकारवाला मिलेर यसको प्रवर्द्धन गर्न जरुरी रहेको बताए ।

नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुशनका प्रमुख कार्यकारी अधिकृत सुब्बाले प्रविधिको विकास र विस्तारमा सबै सरोकारवालाहरुबिच ठूलो सहकार्यको आवश्यकता रहेको बताए । स्विफ्ट टेक्नोलोजिजका प्रमुख कार्यकारी अधिकृत ढुङ्गानाले डिजिटल प्रविधिको विकास अहिलेको चर्चाको विषय रहेको बताए । भिजाका नेपाल, बंगलादेश तथा भुटानका लागि कन्ट्री म्यानेजर सौम्य बासुले नयाँनयाँ प्रविधिको अनुसरण गर्न नेपाल अगाडि रहेको बताए ।

ग्लोबल आइएमई बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले नयाँ नयाँ डिजिटल प्रविधिको विकासभन्दा यसलाई अनुसरण गर्न ठूलो समस्या रहेको बताउँदै डिजिटल प्रविधिको प्रयोग बढाउन आवश्यक पूर्वाधार विकासमा सहयोग गर्न नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराए ।

## नबिल बैंकको डिबेन्चरमा मागभन्दा बढी आवेदन

काठमाडौं- नबिल बैंक लिमिटेडले तीन अर्ब रुपैयाँ बराबरको ऋण पत्र निकाशन तथा बिक्री बन्द गरेको छ । बैंकले २९ मंसिरदेखि ३ पुससम्मको समय राखेर आवेदन खुलाएकोमा मागभन्दा बढी आवेदन परेको थियो ।

पुस ३ गते बैंकिङ समय पश्चात् डिबेन्चर बन्द गरिएको नबिलले जनाएको छ । प्रतिकित्ता एक हजार रुपैयाँका दरले ३० लाख कित्ता ऋण पत्र निष्काशन गरिएकोमा पहिलो पटक दिएको समयमा नै सबै डिबेन्चर बिक्री भएको नबिल बैंकले जनाएको छ ।

बैंकले बिक्रीमा ल्याएको कुल ३० लाख कित्ता ऋण पत्रमध्ये १ अर्ब २० करोड रुपैयाँ बराबरको १२ लाख कित्ता सर्वसाधारणलाई र एक अर्ब ८० करोड रुपैयाँ बराबरको १८ लाख कित्ता व्यक्तिगत तवरबाट बिक्री खुल्ला गरिएको थियो ।

सर्वसाधारणलाई छुट्टाइएको १२ लाख कित्ता मध्य पाँच प्रतिशत अर्थात् ६ करोड रुपैयाँ बराबरको ६०,००० कित्ता सामूहिक कोषका लागि समेत समावेश गरिएको थियो । यस सात वर्षे ऋण पत्रमा लगानी कर्ताले ९ प्रतिशतको ब्याजदर पाउने नबिलले जनाएको छ ।

नबिल बैंकले हाल देशभर २६६ शाखा सञ्जाल सहित २२ वटा एक्सटेन्सन काउन्टर र ३१३ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ । यस बैंकबाट १८ लाखभन्दा बढी ग्राहकले बैंकिङ सेवा लिँदै आएका छन् ।

# आइसिटी अवार्ड २०२३ इन एशोशिएसन विथ इन्ड्राइभको ग्राण्ड फिनाले, १४ विधामा अवार्ड वितरण हुँदै




काठमाडौं- सूचना तथा सञ्चार प्रविधि क्षेत्रको प्रतिष्ठित अवार्डको रूपमा परिचित 'आइसिटी अवार्डको २०२३' को ग्राण्ड फिनाले कार्यक्रम पुस ६ गते शुक्रबार द सोल्टी काठमाडौंमा आयोजना हुदैछ ।

लिभिङ विथ आइसिटीले आयोजना गर्दै आइरहेको अवार्ड कार्यक्रमको विगत ५ महिनादेखि छनौट प्रक्रिया र प्रिइभेन्टहरु सम्पन्न गर्दै ग्राण्ड फिनाले आयोजना हुन लागेको हो । अपग्राड आइसिटी अवार्डको २०२३ इन एसोसिएसन विथ इनड्राइभको ग्राण्ड फिनालेमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रसँग सम्वन्धित १४ विधाहरुमा विजेताको घोषणासँगै अवार्ड वितरण हुनेछ ।

यसैगरी सातै प्रदेशका उत्कृष्ट स्टार्टअपहरुलाई प्रभिन्स स्टार्टअप आइसिटी रिकग्निसन २०२३ बाट सम्मान गरिनेछ । अवार्डमा दक्षिण एसियाली देशहरुलाई लक्षित साउथ एसिया स्टार्टअप आइसिटी अवार्ड पनि समावेश गरिएको छ । प्रविधि क्षेत्रको विशेष उत्सवको रूपमा आयोजना हुने आइसिटी अवार्डको ग्राण्ड फिनालेमा स्वदेश तथा विदेशबाट ८०० बढि विशिष्ट व्यक्तिहरूको सहभागीता हुनेछ ।

आठौं संस्करणको आइसिटी अवार्डको छनौटको लागि १४ जना स्वदेश र ३ जना विदेशबाट विज्ञ जुरी समिती गठन गरिएको थियो । विभिन्न १३ विधामा खुल्ला गरिएको अनलाइन नोमिनेसनमा ७०० बढिको आवेदन प्राप्त भएको आयोजक समितीले जानकारी गराएको छ ।

अवार्ड वितरण हुने विधाहरुमा स्टार्टअप तथा इन्नोभेसनतर्फ इनड्राइभ स्टार्टअप, प्रडक्ट, राइजिङ स्टार इन्नोभेसन र हाम्रो पे पब्लिक च्वाइस आइसिटी अवार्ड रहेका छन । व्यत्तिगत अवार्ड विधाहरुमा प्रोफेसनल एक्सिलेन्स, आन्टरप्रेनर, नेपाली डायस्पोरा, पायोनियर र एनसेल वुमन आईकन आइसिटी अवार्ड रहेका छन ।

सस्थागत र कर्पोरेट अवार्ड विधाहरुमा डिजिटल एजुकेसन (पब्लिक सेक्टर), डिजिटल एजुकेसन (प्राइभेट सेक्टर), डिजिटल गभर्नेन्स र डिजिटल सर्भिसेस आइसिटी अवार्ड रहेका छन । साउथ एशिया स्टार्टअप आइसिटी अवार्ड अन्तराष्ट्रिय अवार्ड विधाको रुपमा समावेश गरिएको आयोजक समितिका अध्यक्ष राजन लम्सालले बताए ।

यि सम्पुर्ण विधाहरुमा १७ जना जुरी सदस्यहरुको सहभागितामा ३ महिनाको अवधिसम्म विभिन्न चरणका छनौट प्रकृयाहरु सञ्चालन गरिएको थियो । सातै प्रदेशमा स्टार्टअप मिट, बुटक्याम्प, काठमाडौंमा स्टार्टअप एण्ड आइडिया फेस्ट, टेलिभिजन कार्यक्रम, पब्लिक भोटिङ र फिल्ड भिजिटजस्ता प्रकृयाहरु सञ्चालन भएको आयोजकले जनाएको छ । अवार्ड छनौट प्रक्रियालाई पारदर्शी, निष्पक्ष र सर्वोत्कृष्ट बनाउन सम्पुर्ण तवरबाट प्रयास भएको लम्सालले बताए ।

टिपर दुर्घटना हुँदा एक जनाको मृत्यु, २ जना घाइते

पाल्पा- पाल्पामा टिपर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । दुई जना घाइते भएका छन् ।

रा १ ख २४०४ नम्बरको टिपर बिहीबार बेलुका करिब साढे आठ बजे रिब्दीकोट गाउँपालिका-२ लघुवामा दुर्घटना हुँदा पाल्पाको रिब्दीकोट गाउँपालिका-३ का ३० वर्षीय विष्णु ढकालको मृत्यु भएको हो । दुर्घटनामा परी गम्भीर घाइते भएका उनको उपचारका लागि अस्पताल पुर्याउँदा चिकित्सकले मृत घोषणा गरेको पाल्पा प्रहरीका प्रवक्ता सुगन्ध श्रेष्ठले जानकारी दिए ।

दुर्घटनामा दाङको घोराही उपमहानगरपालिका-१२ का ३२ वर्षीय यमराज पुन र रोल्पाको त्रिवेणी गाउँपालिका-५ का हिमाल घर्ती गम्भीर घाइते भएका छन् । घाइतेहरुको युनाइटेड मिसन अस्पताल तानसेनमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पाल्पाका अनुसार चालकसहित चार जना सवार रहेको टिपर सडकबाट करिब १५० मिटर तल खसेको छ । टिपरका चालक भने सकुशल रहेको हुँदा प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान जारी राखेको जनाएको छ ।

# रवि लामिछानेको प्रधानमन्त्रीलाई प्रश्न : साम्प्रदायिक विद्वेष फैलाउने व्यक्ति जिम्मेवार पदमा बस्न मिल्छ ?

काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीको पछिल्लो अभिव्यक्ति सामाजिक सद्भाव र सहिष्णुता खल्बल्याउने प्रकृतिको उत्तेजक र पदीय गरिमाविपरीत भएको टिप्पणी गरेका छन् ।



साथै उनले गैरजिम्मेवार अभिव्यक्ति दिने र साम्प्रदायिक विद्धेष फैलाउने मन्त्रीले पदमा कसरी मिल्छ भन्दै प्रश्न गरेका छन् । 'संस्कृति मन्त्री सुदन किराँतीको पछिल्लो अभिव्यक्ति,सामाजिक सद्भाव र सहिष्णुता खलबलाउने प्रकृतिको,उत्तेजक, गैरजिम्मेवार,पदीय गरिमा बिपरीतको र अत्यन्तै खेदजनक छ', लामिछानेले सामाजिक सञ्जालमा बिहीबार भनेका छन्, 'यस्तो गैर-जिम्मेवार अभिव्यक्ति दिने र साम्प्रदायिक विद्वेष फैलाउने व्यक्ति संस्कृति मन्त्री जस्तो जिम्मेवार पदमा कसरी बस्न मिल्छ ?

लामिछानेले प्रधानमन्त्रीको गम्भीर ध्यानाकर्षण हुनुपर्ने समेत बताएका छन् । मन्त्री किरातीले क्रिस्चियन धर्मको घृणा गर्नेलाई हतकडी लगाएर जेल कोच्नुपर्ने अभिव्यक्ति दिएका थिए ।

# जय नेपाल इन्टरनेशनल फाउन्डेसनका ८ च्याप्टर गठन

अष्ट्रेलिया र हंगकंग समेत जय नेपाल इन्टरनेशनल फाउन्डेसनका ८वटा च्याप्टरहरु गठन गरिएका छन् ।

आइतबार, डिसेम्बर २४ मा जुम मिटिङ मार्फत सञ्चालन भएको च्याप्टर घोषणा कार्यक्रममा संयुक्त राज्य अमेरिकामा नर्दर्न क्यालिफोर्निया च्याप्टर, विस्कन्सिन च्याप्टर, केन्टकी च्याप्टर, कोलोराडो च्याप्टर, फ्लोरिडा च्याप्टर, सिकागो च्याप्टर तथा अस्ट्रेलिया र हंगकंग गरी आठ च्याप्टर घोषणा गरिएको हो ।

नवगठित अस्ट्रेलिया च्याप्टरको अध्यक्षमा डिल्ली बन्जाडे, हंगकंग च्याप्टरकोअध्यक्षमा कुलप्रसाद गुरुङ, नर्दर्न क्यालिफोर्निया च्याप्टरको अध्यक्षमा यादवप्रसाद दाहाल, कोलोराडो च्याप्टर अध्यक्षमा कुमार जंग कार्की, विस्कन्सिन च्याप्टर अध्यक्षमा गोविन्द श्रेष्ठ, केन्टकी च्याप्टर अध्यक्षमा दिवाकर भट्ट, फ्लोरिडा च्याप्टर अध्यक्षमा विकाश देवकोटा र सिकागो च्याप्टर अध्यक्षमा खेम पन्थी चयन भएका छन् ।

कार्यक्रममा फाउन्डेसनका अध्यक्ष डा. यादव पण्डितले मानवअधिकार, वाकस्वतन्त्रता तथा प्रजातान्त्रिक मूल्य मान्यतामा विश्वास राख्ने साथीहरूको नेटवर्कमार्फत आफू रहेको समुदाय र नेपालको विकासमा समेत सहभागिता बढाउने उद्देश्यले संस्था स्थापना भएको बताए ।

जय नेपाल इन्टरनेशनल फाउन्डेसन नेपाल च्याप्टरका अध्यक्ष बद्री अर्यालले नेपालमा भइरहेका कार्यहरूको बारेमा जानकारी गराएका थिए । संस्थाको सिंहदरबार पूर्वी गेट छेउ काठमाण्डौमा तीनमहिना पहिले सम्पर्क कार्यालय खुलेर काम सञ्चालन भै रहेको छ ।




# खेलकुद

## प्रधानमन्त्री कप क्रिकेट : लुम्बिनी प्रदेशको जित



काठमाडौँ– लुम्बिनी प्रदेशले प्रधानमन्त्री कप महिला टि-२० राष्ट्रिय प्रतियोगितामा कर्णालीलाई ३० रनले पराजित गरेको छ । जितका लागि १ सय ३४ रनको लक्ष्य पछ्याएको कर्णालीले निर्धारित कर्णालीका लागि गौरी बोहराले २२ बलमा २ चौकासहित सर्वाधिक २२ रन बनाइन् । त्यस्तै यमुना थारुले २९ बलमा ४ चौकासहित २१ रन बनाइन् । अञ्जु गुरुङ ६ बलमा ३ चौकासहित १३ र रश्मी खड्का ११ रनमा नट आउट रहिन् । तिर्सना विश्वकर्माले ८, कप्तान किरण कुँवरले २ र बीना थापा ४ रनमा आउट भइन् ।

लुम्बिनीकी सरस्वती पुन र कृतिका मरासिनीले समान दुई/दुई विकेट लिए भने शर्मिला रोका र चमेली चौधरीले समान एक/एक विकेट लिए ।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको लुम्बिनी प्रदेशले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ३३ रन बनाएको थियो ।

लुम्बिनी प्रदेशकी कप्तान सरस्वती गंगा मगरले ६२ बलमा ७ चौकासहित ५३ रन बनाइन् । चमेली चौधरीले २२ बलमा २ चौकासहित १८ रन बनाइन् । सरस्वती पुनले ३ र मधु डिसीले २ रन बनाए । कर्णालीका लागि यमुना थारु, रश्मी खड्का र तृर्सना विश्वकर्माले समान एक/एक विकेट लिए ।

लुम्बिनीको यो दोस्रो जित हो । लुम्बिनीले पहिलो खेलमा गण्डकीलाई ४ विकेटले हराएको थियो । यता कर्णालीको यो लगातार चौथो हार हो । कर्णाली यसअघि कोशीसँग १० विकेट, गण्डकीसँग ४४ रन र सुदूरपश्चिमसँग ८१ रनले पराजित भएको थियो ।

## प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा मधेश प्रदेशको पहिलो जित



काठमाडौं- प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको सोमबार खेलिएको खेलमा मधेश प्रदेशले गण्डकी प्रदेशलाई २७ रनले हराएको छ । जारी प्रतियोगितामा चार खेल खेलेको मधेश प्रदेशको यो पहिलो जित हो ।

मधेश प्रदेशले यसअघि लगातार तीन खेलम हार भागेको थियो । चार खेल खेलेको गण्डकी प्रदेशको यो तेस्रो हार हो । एक खेलमा भने गण्डकी प्रदेश विजयी भएको थियो । काठमाडौंको मुलपानीस्थित क्रिकेट मैदानमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको मधेश प्रदेशले निर्धारित ओभरमा सात विकेट गुमाएर एक सय १२ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको गण्डकी प्रदेशले भने १९.४ ओभरमा अलआउट हुनुअघि ८५ रनमात्र बनाउन सक्यो ।

गण्डकी प्रदेशका लागि माथिल्लो क्रमका कुनै पनि ब्याट्सरले दोहोरो अंकमा रन बनाउन सकेनन् । छैटौं नम्बरमा क्रिज समाल्न आएकी सुमन खतिवडाले ४२ रन बनाइन् । उनले ३३ बलको सामना गरी ६ वटा चौका पनि हिर्काइन् । चौथो नम्बरकी ब्याटर सृष्टी जैसीले टोलीको खातामा १५ रन थपिन् । उनले ३४ बलमा एक चौका प्रहार गरिन् । गण्डकी प्रदेशका अन्य ब्याटरले भने दोहोरो अंकमा रन बनाउन सकेनन् । दुबै ओपनर अञ्जली विश्वकर्मा र सृजना पौडेल खाता खोल्नुअघि नै पेभेलियन फर्किएका थिए ।

गण्डकी प्रदेशले अतिरिक्त रुपमा नौ रन पाएको थियो । मधेश प्रदेशकी बलर पूजा महतोले तीन विकेट लिइन् । उनले ३.४ ओभरमा एक मेडन राख्दै केवल सात रन खर्चिइन् । सरस्वती कुमारी, कविता गौतम र साक्षी यादवले पनि एक-एक विकेट हात पारे ।

त्यसअघि काठमाडौंको मुलपानीस्थित क्रिकेट मैदानमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको मधेश प्रदेशका लागि ओपनर पूजा महतोले सर्वाधिक ३८ रन बनाइन् । उनले ४३ बलको सामना गरी पाँच चौका पनि हिर्काइन् । पाँचौं नम्बरमा क्रिज समाल्न आएकी सरस्वती कुमारीले पनि टोलीका लागि अविजित २६ रनको योगदान गरिन् । उनले २१ बलमा तीन चौका प्रहार गरिन् । यसका अतिरिक्त मधेश प्रदेशका लागि प्रतिमा शाहले मात्र दोहोरो अंकमा रन बटुल्न सकिन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१६, अंक- २०, २०८० साल पुस १० गते मंगलबार (Dec 26, 2023)

# उपमेयर चढ्ने गाडीमा आगजनी



**जनकपुरधाम–** महोत्तरीको गौशाला नगरपालिकाकी उपमेयर चढ्ने गाडीमा गएराति आगजनी भएको छ । उपमेयर रेनुकुमारी महतो चढ्ने प्र२-००२-०००१झ०००५ नम्बरको बुलेरो गाडीमा आगजानी भएको हो ।

गौशाला नगरपालिका-१ रामनगरमा उपमेयरकै घरको ढोका अगाडि पार्किङ गरेर राखेको गाडीमा राति २ बजेतिर अज्ञात व्यक्ति पेट्रोल छर्केर अगो लगाएका हुन् । समयमै थाहा पाएपछि घरपरिवार र स्थानीयबासिन्दाले आगो निभाएपछि क्षति हुनबाट जोगिएको हो ।

इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले अज्ञात व्यक्तिले पेट्रोल छर्केर अगाजनी गरेको बताए । उनका अनुसार आगलागी समयमै नियन्त्रण गर्दा पनि देब्रे छेउको गाडीको पछाडिको टायर र अगाडिको टायरमा क्षति पुगेको छ ।

# विद्यार्थीलाई अनावश्यक पोसाक किन्न बाध्य पार्ने विद्यालयलाई कार बाही गर्ने महानगरको चेतावनी



**काठमाडौं–** काठमाडौँ महानगरपालिकाले नगर मातहतमा सञ्चालित केही विद्यालयले विभिन्न चाडपर्वका नाममा विद्यार्थीलाई नियमित विद्यालय पोसाकभन्दा फरक पोसाक किन्न बाध्य पारेको भन्ने गुनासो आएकोप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

आज एक सूचना जारी गर्दै महानगरले तोकिएको विद्यालय पोसाकबाहेक अन्य पोसाक किन्न विद्यार्थीलाई बाध्य नगर्न विद्यालयलाई अनुरोध गरेको छ ।

कोही कसैले परिपत्र विपरीत कार्य गरेको पाइएमा काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ (संशोधनसहित) र अन्य प्रचलित कानुनबमोजिम दण्ड सजाय गरिने चेतावनी समेत महानगरले दिएको छ ।

## ‘मिल्क होलिडे’...

पृष्ठ १ बाट जारी

स्टक रहेको छ । उनी भन्छन्, “सकेसम्म ऋृण लिएर पनि किसानको भुक्तानी समयमा गरिरहेको थिएँ तर, अब अवस्था जटिल भइसक्यो ।”

आयोजनाले पनि घ्यू, पाउडर दूधको बिक्री सहज नभएसम्म किसानको दूधको मूल्य भुक्तानी सहज नहुने जनाएको छ । विराटनगर दुग्ध वितरण आयोजनाका प्रमुख परमेश्वर चौधरीले अहिले घ्यू र पाउडर गरेर एक सय ३३ टन दुग्ध पदार्थ स्टकमा रहेको जानकारी दिए । “भण्डारण कक्ष कुनै खाली छैनन्, ” उनले भने, “बिक्री ठप्प भएपछि आयोजनालाई दैनिक सङ्कलन हुने दुग्ध व्यवस्थापन झनै चुनौतीपूर्ण बन्दै गएको छ ।”

पशुलाई दाना खुवाउन पनि ऋृण काँड्नुपर्ने अवस्था आएको गुनासो पोख्दै कृषक राजन भट्टराईले निजी डेरीले दूध लिनै छोड्छन् की भन्ने डर सुरु भएको बताए । उनलाई आयोजनाले दूध थेग्न नसकेपछि मिल्क होलिडे सुरु हुने आशङ्का छ । सूर्योदय नगरपालिका-१२ का अर्का कृषक भूपेन्द्र गड्तौला आयोजनाले कृषकको दूध खरिद गर्दिन भन्न नमिल्ने बताउछन् । उनी भन्छन्, “डिडिसी सरकारको निकाय हो, उसले किसानको दूध अस्वीकार गर्न मिल्दैन ।”

आयोजना प्रमुख चौधरीले क्षमताले धान्न नसक्ने अवस्था आउन लागेको बताए । “आयोजनालाई छोडेर निजी डेरीसँग कारोबार गर्न थालेका दुग्ध कारोबार गर्ने सहकारीले आयोजनामै दूध पठाउन थालेपछि आयाजनाको क्षमताले थाम्न मुस्किल भएको छ,” उनले भने । गत जेठ महिनादेखि आयोजनामा दूध बिक्रीको चाप बढ्न थालेको हो ।

दुग्ध पदार्थ बिक्री नभएपछि आयोजनाले कृषकलाई पुस महिनादेखिको दूधको रु ३० करोड भुक्तानी दिन नसकेको चौधरीले स्वीकार गरे । उनका अनुसार, आयोजनाले इलाम, झापा, धनकुटा, तेह्रथुम र विराटनगरका स्थानीय कृषकबाट दैनिक २२ हजार लिटर दूध सङ्कलन गर्ने गरेको छ भने अन्य आयोजनाबाट १५ हजार लिटर खरिद गरेर दैनिक ३७ हजार लिटर दूध जम्मा गर्ने गरेको छ । जम्मा भएको दूधमध्ये दैनिक पाँच हजार लिटर स्थानीय बजारमा खपत भए पनि अरू प्रशोधन गरेर घ्यू र पाउडर दूध बनाउने गरिएको छ ।

आयोजनाले इलामबाट दैनिक आठ हजार लिटर, झापाबाट पाँच हजार लिटर, धनकुटाबाट छ हजार लिटर, तेह्रथुमबाट दुई हजार लिटर, आयोजना आसपासका कृषकबाट एक हजार लिटर र अन्य आयोजनाबाट १५ हजार लिटर दूध खरिद गर्दै आएको छ । विसं २०३० देखि दुग्ध सङ्कलन गर्दै आएको छ । पाँच बिघा क्षेत्रमा फैलिएको आयोजनाको दुग्ध स्टोर गर्ने क्षमता एक लाख लिटर छ भने प्रतिघण्टा पाँच हजार लिटर प्रशोधन गर्न सक्छ ।

विराटनगर आयोजनाले इलामको शान्ति डाँडा, पूवाखोला, बिब्ल्याटे, लक्ष्मीपुर, तीनघरे, फिक्कल, कुटी डाँडा, झापाको गरामनी, धनकुटाको हिले र चित्रेमा चिलिङ सेन्टर स्थापना गरेर कृषकको दुग्ध सङ्कलन गर्दै आए पनि दुग्ध सहकारीले आयोजनालाई दुग्ध दिन बन्द गरेपछि पुवाखोला, लक्ष्मीपुर, कुटी डाँडाको चिलिङ सेन्टर बन्द गरेको छ ।

इलाममा निजी क्षेत्रले दैनिक ५३ हजार लिटरको हाराहारीमा दुग्ध खपत गर्दै आएको छ । निजी डेरीमा मात्रै एक हजारभन्दा बढी कृषकले दुग्ध बिक्री गर्दै आएका छन् । इलामका १८ चिज कारखानाले दैनिक २७ हजार लिटर दुग्ध सङ्कलन गर्ने आएका छन् । स्थानीय बजार क्षेत्रमा दैनिक पाँच हजार लिटर दुग्ध बिक्री हुने गरेको छ ।

छुर्पी बनाउने उद्योगले दैनिक १५ हजार लिटर खपत गर्ने गरेको छ । ललिपप, बम्बैसनजस्ता मिठाई बनाउने उद्योगले तीन हजार लिटर र भारतका बजारमा तीन हजार लिटर दुग्ध बिक्री हुने गरेको दुग्ध व्यवसायमा संलग्न व्यवसायी बताउँछन् । इलाममा १८ चिज कारखाना, एक सय ५० को हाराहारीमा छुर्पी बनाउने उद्योग र १३ वटा दुग्ध मिठाई बनाउने उद्योग रहेको सरकारी तथ्याङ्क छ ।


इलाममा वार्षिक एक लाख १६ हजार ८६ मेट्रिक टन दुग्ध उत्पादन हुने गरेको छ । होलिस्टिन, जर्सी गरी इलाममा ३३ हजार तीन सय ७१ वटा उन्नत जातका गाई पालिएको सरकारी तथ्याङ्क छ । गाईपालनमा किसानको ठूलो लगानी भए पनि अनिश्चित बजार र सरकारको बेवास्ताको कारण दुग्ध व्यवसाय सङ्कटमा पर्दै गएको राष्ट्रिय कृषक समूह महासङ्घ इलाम अध्यक्ष विष्णु दुलालले बताए ।

# नवलपुरमा घाँस काट्न गएका सासु-बुहारीको बाघको आक्रमणबाट मृत्यु

**पोखरा–** नवलपुरमा बाघको आक्रमणबाट दुईजनाको मृत्यु भएको छ । साथीहरुसँग घाँस काट्न गएका उनीहरुको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

घाँस दाउरा लिन आइतवार दिउँसो जंगल गएका उनिहरू अवेरसम्म पनि घर नफर्केपछि खोजी गर्ने क्रममा बाघको आक्रमणमा परेको अवस्थामा भेटिएको थियो । मृत्यु हुनेमा सासु ५९ वर्षकी मनादेवी पौडेल र बुहारी २८ वर्षकी बिष्णु पौडेल छन् । घटनामा थप अनुसन्धान भैरहेको नवलपुर प्रहरीले जनाएको छ ।

उनीहरुको शव सडकबाट एक किलोमिटर भित्र विनयी सामुदायीक वनमा फेला परेको हो । गाउँले र प्रहरीको सहयोगमा राती खोजी भएको थियो ।




# अन्तराष्ट्रिय समाचार

## चीनमा भूकम्पमा परी मृत्यु हुनेको संख्या १३० पुग्यो



**काठमाडौं–** उत्तरी चीनमा भूकम्प जाँदा मृत्यु हुनेको संख्या १३० पुगेको छ । ७०० भन्दा धेरै घाइते भएका छन् ।

नेपाली समयअनुसार मंगलबार बिहान २ बजे कान्सु प्रान्तलाई केन्द्रविन्दु बनाएर ६.२ म्याग्निच्युडको भूकम्प गएको थियो । भूकम्पले कान्सु र छिङहाइ प्रान्तमा क्षति पुगेको छ । पिपुल्स डेली अफ चाइनाले भूकम्पमा परी १३० जनाको मृत्यु भएको जनाएको छ ।

भूकम्पका कारण भवनहरु भत्किएका छन् । भग्नावशेष मानिसहरु पुरिएको हुनसक्ने भएकाले तालिमप्राप्त कुकुरको सहयोगमा खोजी तथा उद्धार कार्य जारी छ । भूकम्पका कारण सडक, सञ्चार, बिजुली र खानेपानी

## भारतमा निलम्बित प्रतिपक्ष सांसदको संख्या १४१



**काठमाडौं–** भारतमा निलम्वित हुने प्रतिपक्षी सांसदहरुको संख्या १४१ पुगेको छ । जारी शीतकालीन अधिवेशनमा लोक सभाका ९५ र राज्यसभाका ४६ सांसद निलम्बनमा परेका हुन् ।

मंगलबार लोक सभा र राज्य सभाका थप ४९ सांसद निलम्वनमा परेका छन् । सोमबार ७८ सांसद र त्यसअघि १४ डिसेम्बरमा १४ सांसद निलम्वित भएका थिए । भारतमा यति धेरै संख्यामा सांसदहरु निलम्वन भएको पहिलोपटक हो ।

सन् १९८९ मार्च १५ मा ६३ सांसद निलम्बनमा परेका थिए । त्यतिबेला इन्दिरा गान्धी हत्याकाण्डको छानबिन आयोगको रिपोर्ट संसदमा पेश गर्न माग गर्दै हंगामा गर्नेहरु निलम्बनमा परेका थिए । अहिले लोक सभाको सुरक्षामा लापरवाही भएको भन्दै गृहमन्त्री अमित शाहको जवाफ माग्ने सांसदहरु निलम्बनमा परेका हुन् ।

१३ डिसेम्बरमा दर्शकदीर्घामा बसेका दुई व्यक्ति संसद हलमा प्रवेश गरी पहेंलो रंगको धुलो उडाएर बैठक प्रभावित पारेका थिए । उनीहरुलाई तत्कालै सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए । यो मामिलामा अन्य थप चार जनालाई पनि पक्राउ परेका छन् ।

त्यसको भोलिपल्ट अर्थात १४ डिसेम्बरमा संसदको सुरक्षामा लापरवाही भएको भन्दै बैठक अवरोध गर्न खोजेका थिए । त्यसपछि लोकसभाका १३ र राज्यसभाका एक गरी १४ सांसद निलम्बित भएका थिए । हाल विपक्षका कुल ४३ सांसदहरु मात्र बाँकी छन् । त्यसमा कांग्रेसका राहुल गान्धीसहित नौ सांसद मात्र छन् ।

अहिले निलम्बनमा परेकाहरुमध्ये महुआ माजी जस्ता नयाँ सांसददेखि लिएर मनोज झा, जयराम रमेश, रणदीप सिंह सुरजेवाला, प्रमोद तिवारी, फारुक अब्दुल्ला, शशी थरुर, मनिष तिवारी, डिम्पल यादव जस्ता दिग्गज सांसदहरु पनि छन् ।

अहिले केही महत्वपूर्ण विधेयकहरु संसदमा पेश हुने मोदी सरकार तानाशाही बन्न खोजेको भन्दै प्रतिपक्षी दलबाट चर्को विरोध भइरहेको छ । यसबीचमा भारतमा विपक्षी दलहरुको समूह ‘इण्डिया एलाइन्स’को

## गाजामा युद्धबाट मृत्यु हुनेको संख्या २० हजार २८५ पुग्यो

**इजरायल–** हमास युद्धमा मृत्यु हुने प्यालेस्टाइनीहरुको संख्या हालसम्म २० हजार २८५ पुगेको छ । अक्टोबर ७ मा हमासले गरेको आक्रमणको जवाफमा आफ्नो सैन्य कारबाही सुरु गरेको इजरायलले निरन्तर युद्ध जारी राखेको छ ।

गाजापट्टीमा इजरायली आक्रमणबाट प्यालेस्टाइनीको मृत्यु हुनेको संख्या हालसम्म २० हजार २८५ पुगेको छ भने ५३ हजार ६८८ अन्य घाइते भएका छन् । गाजा जनसंख्याको लगभग ८५ प्रतिशत विस्थापित भएका छन् ।

यसैबीच, इजरायली नाकाबन्दीका कारण गाजावासीहरू बिजुली, खाद्यान्न, चिकित्सा आपूर्ति र आश्रयस्थलको अभावबाट पीडित छन् ।

# रमेश विकलका नाममा स्थापित पुरस्कारहरू अर्पण, विकल वाङ्मय पुरस्कार प्रा.डा. वासुदेव त्रिपाठीलाई



काठमाडौं । रमेश विकल साहित्य प्रतिष्ठानले यस वर्ष (२०८०) को रमेश विकल वाङ्मय पुरस्कार प्रा.डा वासुदेव त्रिपाठीलाई अर्पण गरेको छ ।

शनिवार प्रतिष्ठानले विकलको पुर्खौलि थलो आरुबारी (हाल गोकर्णेश्वर ९) मा १५ औं विकल स्मृति सभाको अवसरमा नेपाली वाङ्मयका विशिष्ट साधक त्रिपाठीलाई सम्मान गरेको हो ।

पुरस्कारको राशी नगद ५० हजार रहेको छ । सोही अवसरमा विकलका नाममा स्थापित अन्य पुरस्कारहरू पनि विभिन्न स्रष्टा तथा संस्थालाई प्रदान गरेको छ। जस अनुसार रमेश विकल-सुशीला समाजसेवा पुरस्कार परोपकार संस्था, काठमाडौंलाई प्रदान गरिएको छ ।

यो पुरस्कारको राशी २० हजार रहेको छ । यसैगरी रमेश विकल सृजना पुरस्कार माधव काफ्ले (रौतहट) लाई प्रदान गरिएको छ। रमेश विकल बाल साहित्य पुरस्कार रामबाबु सुवेदी (कास्की) लाई प्रदान गरेको छ ।

साथै रमेश विकल-सुशीला सङ्घर्षशील नारी पुरस्कार सत्यदेवी खड्का (दैलेख) ले हातपारिन भने रमेश विकलकला-सङ्गीत पुरस्कार कलाकार सुवास गजुरेललाई प्रदान गरिएको छ ) ।

यी सबै पुरस्कारको राशी नगद १० हजार रहेको छ । प्रतिष्ठानका उपाध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष के.के कर्माचार्य, सर्वोच्च अदालताका न्यायाधीश डाक्टर मनोज कुमार शर्मा लगायतले स्रष्टा तथा संस्थाहरूलाई पुरस्कार प्रदान गरेका थिए ।

कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष प्रा.डा. हेमनाथ पौडेल, पुरस्कृत स्रष्टा प्रा.डा वासुदेव त्रिपाठी, अभिनव साहित्य समाजका संस्थापक अध्यक्ष गोविन्दप्रसाद घिमिरे 'वेदमणि' लगायतले अमर स्रष्टा रमेश विकलले साहित्य सहित विविध क्षेत्रमा दिनु भएको योगदानको चर्चा गरेका थिए ।

सोही अवसरमा प्रतिष्ठानको वृद्धि विकासमा स्थापनाकाल देखि नै योगदान दिने संघीय सांसद् तथा अर्थ समितिका सभापति सन्तोष चालिसे, पूर्व मन्त्री रामेश्वर फुयाल र गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक रिसाललाई सम्मान गरिएको थियो ।

यसैबीच प्रतिष्ठानको शनिवार नै सम्पन्न १७ औं साधारण सभाले वरिष्ठ साहित्यिक पत्रकार रोचक घिमिरेको अध्यक्षतामा प्रतिष्ठानको नयाँ कार्य समिति निर्विरोध चयन गरेको छ ।

जस अनुसार कार्य समितिको उपाध्यक्षद्वयमा के.के कर्माचार्य, प्रा.डा हेमनाथ पौडेल, महासचिवमा विजय चालिसे, सचिवमा वसन्त रिजाल र कोषाध्यक्ष शाम्बकुमार चालिसे रहेका छन् । सदस्यहरूमा महेन्द्र चालिसे, मुना रुपाखेती, मातृका पोखरेल, रामप्रसाद पौडेल र आलोक चालिसे रहेका छन् ।

# "अधुरो संगीत" टेलि-चलचित्र दर्शक माझ लोकप्रिय बन्दै




■ इनिश बुढाथोकी

काठमाडौं- समाजमा रहेका समसामयिक विषय बस्तुमा आधारित कथा बस्तु रहेको "अधुरो संगीत" नामक टेली चलचित्र मंसिर २९ गते शुक्रबार शिव सागर अफिसियल युट्युब च्यानलबाट प्रशारण भएको थियो । उक्त चलचित्रले सोचे भन्दा धेरै मार्केट लिन सफल भएको छ ।

विनोद कार्कीको लेख्न/निर्देशन रहेको चलचित्रमा मुख्य पात्रको भूमिकामा गायक शिव सागर खड्का र लोकदोहोरी गायिका किरण श्रीपाली रहेको देखिन्छ । "मोतिराज खनाल, माया क्षेत्री, गोमा न्यौपाने, ईश्वर थापा, विनोद कार्की, सुजन खड्का, पबि अधिकारी, चिरण जिबी खनाल र (बाल कलाकारमा) एलिजा कार्की, पुरुसोत्म साहाकर्मी, कृष्ण गौतम" लगायत थुप्रै कलाकारको अभिनय आकर्षक रूपमा देख्न सकिन्छ ।

कलाकारिता क्षेत्रमा लामो अनुभव बोकेका राजकुमार गिरीको छायाङ्कन तथा स-ह निर्देशन रहेको टेलि-चलचित्रमा अनिल बिष्ट प्युठानिको सम्पादन रहेको छ । गीत संगीत सम्बन्धी अन्धो जीवनको कथालाई लिएर बनाइएको अधुरो संगीत टेली -चलचित्र अहिले युट्युब र फेसबुक पेजमा निकै चर्चामा आएको देखिन्छ ।

"दुई दिन दुई रातको लगातार छायाङ्कन पछि सुटिङ सकिएको चलचित्रमा सबै कलाकारले उतिकै आफ्नो भूमिका निभाएका काम सोचेभन्दा धेरै राम्रो भएको यसै चलचित्रका निर्देशक विनोद कार्की बताउँछन् ।" कार्की लामो समयदेखि कलाकारिता क्षेत्र र पत्रकारिता क्षेत्रमा समेत कलम चलाउँदै आएका छन् । लामो समय कलाकारिता क्षेत्रको अनुभवले निर्देशन गरेका "कार्की पहिलो काम नै दर्शकले धेरै मन पराइदिँदा आफू धेरै खुसी भएको र आगामी दिनमा लेख्न् /निर्देशनमा कलम चलाउन् थप ऊर्जा थपिएको बताउँछन् ।"

उक्त चलचित्र हेर्दा अन्धो जीवनको कथालाई गीत संगीत सम्बन्धी मार्मिक तरिकाले पर्दामा उतारिएको छ। यो चलचित्र हेर्दा समाजमा भएका वास्तविक घटनलाई गम्भीर तथा हाँस्य ब्याङ्ग्यात्मक तरिकाले प्रस्तुत गरिएको देखिन्छ । उक्त चलचित्र शिव सागर अफिसियल युट्युब च्यानलबाट हेर्न सकिन्छ ।

# हर्क साम्पाङको अभियानमा दयाहाङ, विल्सन र राजेश पायलको सहयोग घोषणा



धरानस्थित पर्यटकीय क्षेत्र चिन्डेडाँडामा 'सुम्निमा-पारुहाङको प्रतिमा' निर्माणका लागि धरान उपमहानगरका प्रमुख हर्क साम्पाङले चलाएको आर्थिक सहयोग संकलन अभियानमा किराँती समुदायबाट प्रतिनिधित्व गर्ने कलाकारहरुले साथ दिएका छन् । सोमबार काठमाडौंमा आयोजित छलफल कार्यक्रममा अभिनेताद्वय दयाहाङ राई र विल्सन विक्रम राईले आर्थिक सहयोग गर्ने घोषणा गरे ।

उनीहरुले उक्त प्रतिमा निर्माणका लागि जनही एक/एक लाख रुपैयाँ सहयोग गर्न लागेका हुन् । त्यस्तै, गायक राजेशपायल राईले पनि एक लाख रुपैयाँ सहयोग गर्ने वचन दिएका छन् । मेयर साम्पाङको उपस्थितिमा भएको छलफलमा शान्तिराम राई, सत्यकला राई, एलिसा राई, शम्भु राई लगायत पनि सहभागी थिए । उक्त प्रतिमा निर्माणका लागि २५ करोड लागत अनुमान गरिएको छ ।

दयाहाङले किराँतीहरुको सभ्यता, मूल्य-मान्यता र दर्शनसहितको सुम्निमा-पारुहाङको प्रतिमा निर्माण हुँदा देशको पर्यटनमा समेत ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । 'किराँती दर्शनलाई हामीले जसरी बुझेका छौं, त्यसलाई बाहिर लैजान सकिएको छैन । त्यसका लागि प्रतिमासँगै किराँती सभ्यतालाई प्रचार गर्ने अन्य चीज पनि स्थापना गर्नुपर्छ,' उनले मेयर साम्पाङलाई सुझाव दिए ।

# निर्माता रोज राणा बने लुम्बिनी प्रदेशको मन्त्री

नेपाली फिल्मका निर्माता तथा अभिनेता रोज राणा (सरोज थापा) लुम्बिनी प्रदेशको मन्त्री बनेका छन् । नेपाली कांग्रेसको तर्फबाट उनले उद्योग वाणिज्य, श्रम तथा यातायात मन्त्रीको जिम्मेवारी पाएका हुन् । आइतबार बिहान उनले बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा सपथ लिएका छन् । पहिलोपटक मन्त्री बनेका निर्माता राणा प्युठानबाट प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए ।

रोज कांग्रेस सभापति शेरबहादुर देउवाका निकट पात्र मानिन्छ । देउवाकै पहलकदमीमा उनी मन्त्री बनेको चर्चा छ। प्रदेश सभा सदस्यमा निर्वाचन हुनुअघि उनी नेपाल चलचित्र निर्माता संघको महासचिव थिए । सांसद् बन्नका लागि उनले संघको अध्यक्ष पदमा उम्मेदवारी दिएका थिएनन् । र, कांग्रेस सरकारमा हुँदा उनलाई चलचित्र विकास बोर्डको अध्यक्ष बन्ने प्रस्ताव समेत आएको थियो ।

रोज करिब डेढ दशकदेखि फिल्म क्षेत्रमा आबद्ध छन् । 'दादागिरी'बाट उनको फिल्म निर्माण यात्रा सुरु भएको थियो । उनले 'डन', 'खलनायक', 'महान', 'टक्कर दुई मुटुको', 'मन छु नि तिम्रो' फिल्ममा अभिनय समेत काम गरेका छन् । उनले दुई फिल्म 'मेरो पैसा खोई ?' र 'जय परशुराम'को निर्देशन पनि गरिसकेका छन् । सम्भवतः राज्यको महत्त्वपूर्ण पदमा पुग्ने उनी पहिलो फिल्मकर्मी हुन् ।

रोजले लकडाउनपछि आफ्नो सफल फिल्म 'खलनायक'को दोस्रो श्रृंखला निर्माणको घोषणा गरेका थिए । तर, उनको राजनीतिमा सक्रियता बढेपछि फिल्म निर्माणको काम अगाडि बढ्न पाएको छैन । अब मन्त्री समेत भैसकेकाले उनले तत्काल फिल्म निर्माण गर्ने सम्भावना न्यून देखिन्छ । २०७३ साल साउन ३१ गते पुरानो बानेश्वरमा रोजमाथि एक समुहले खुकुरी प्रहार समेत गरेको थियो ।

# रेखाको विषयमा राप्रपा महामन्त्रीको तर्क- 'व्यक्तिगत कुरालाई राजनीतिकरण गर्नु हुँदैन'

अभिनेत्री तथा राष्ट्रिय प्रजातन्त्र पार्टीकी केन्द्रीय सदस्य रेखा थापा पहिलो सन्तानलाई जन्म दिन अमेरिका गएपछि यतिबेला यो चर्चा र बहसको विषय बनिरहेको छ । सामाजिक सञ्जाल त दुई कित्तामा बाँडिएको छ । समर्थन र विरोध दुवै भैरहेको छ । यसपटक संघीय निर्वाचनमा उम्मेदवार समेत बनिसकेकाले रेखा बच्चा जन्माउनका लागि अमेरिका उड्दा राप्रपामाथि समेत प्रश्न उठेको छ ।

तर, जोसँग रेखा राप्रपाको अधिवेशनमा महामन्त्री पदमा पराजित भएकी थिइन्, यतिबेला उनै अर्थात् कुन्ती शाही रेखाको बचाउमा उत्रिएकी छन् । हालै एक टेलिभिजनसँगको अन्तर्वार्तामा उनले व्यक्तिगत कुरालाई राजनीतिकरण गर्नु नहुने बताएकी छन् । आमा बन्न लागेकी एक महिलालाई राजनीतिक रुपमा घसेटिरहँदा मानसिक रुपमा पर्ने असरबारे बुझ्न जरुरी रहेको शाहीको भनाई छ ।

उनले भनेकी छन्, 'व्यक्तिगत कुरालाई राजनीतिकरण गर्नु हुँदैन । बच्चा जन्माउनका लागि अमेरिका गएको हो या के परिस्थितिले गएको हो भन्ने कुरा त उहाँलाई सोधेपछि नै थाहा हुन्छ । आमा बन्न लागेकी महिलालाई राजनीतिक रुपमा घसेटिरहँदा मानसिक रुपमा कस्तो



असर पर्छ भन्ने कुरा हाम्रो समाजले बुझ्दैन । यसले हाम्रो नकारात्मक सोचाई कहाँसम्म पुगेको छ भन्ने उजागर गर्छ ।'

महामन्त्री शाहीले महिला भएकै कारण विरोध गर्नुपर्ने हो भन्दै प्रश्न समेत गरेकी छन् । 'यहाँ महिला अधिकारको कुरा पनि आउला नि ! के महिला भएकै कारणले विरोध गर्नुपर्ने हो ? यो कुरामा राष्ट्रियता लगेर जोड्नु हुँदैन,' उनले भनेकी छन् । रेखा गएको मंसिर अन्तिम साता श्रीमानसँग अमेरिका गएकी हुन् । उनलाई चिकित्सकले आगामी माघको 'डेलिभरी डेट' दिएको जानकारी प्राप्त छ ।

# 'सलार'को आँधीमा पिसियो 'डंकी'

कुनै समय बलिउडले साउथ फिल्मलाई हेयको दृष्टिले हेर्ने गरेको थियो । तर, यतिखेर त्यही साउथ फिल्म बलिउडकै लागि टाउको दुखाई बनिरहेको छ । दर्शकको पहिलो रोजाईमा साउथ फिल्म पर्न थालेका छन् । अवस्था यस्तो छ कि बलिउडका ठूला फिल्म समेत साउथको अगाडि निरीह बनिरहेका छन् । जसरी अहिले साउथको 'सलार'को अगाडि बलिउडको 'डंकी'ले घुँडा टेकेको छ ।

बिहीबारबाट बलिउड सुपरस्टार शाहरुख खान अभिनीत फिल्म 'डंकी' प्रदर्शनमा उत्रिएको थियो । राजकुमार हिरानीजस्ता सफल निर्देशकको फिल्म हो यो । तर, फिल्मको ओपनिङ ३० करोड रह्यो । यसलाई औसत ओपनिङ भनिएको छ । दोस्रो दिन त झन् फिल्मको व्यापार नाजुक देखिएको छ । बिहीबारबाट प्रदर्शनमा आएको प्रभास अभिनीत 'सलार'को आँधीमा 'डंकी' पिसिएको छ ।

'सलार'ले पाँचवटा भाषामा गरी भारतभर ९५ करोडको जबर्जस्त ओपनिङ गर्दा 'डंकी' भने दोस्रो दिन २० करोडमा खुम्चिन पुगेको छ । एकातिर कमजोर रिभ्यू र अर्कोतिर 'सलार'ले बक्स अफिसमा आँधी ल्याउँदा अब 'डंकी'लाई सय करोड पनि टाढा देखिन्छ । जबकि, यसअघि शाहरुखको दुईवटा एक्सन फिल्म 'पठान' र 'जवान'ले यस वर्ष घरेलू बक्स अफिसमा ठूलो रेकर्ड बनाएका थिए ।

रोचक संयोग के छ भने 'सलार' निर्देशक प्रशान्त निलको ब्लकबस्टर फिल्म 'केजीएफ' सन् २०१८ मा शाहरुख खानको 'जीरो'सँग भिडेको थियो । त्यसबेला प्रशान्तको फिल्मले सानदार बाजी मार्‍यो । पाँच वर्षपछि फेरि प्रशान्त र शाहरुखको फिल्म भिडेको हो । यसपटक पनि प्रशान्तकै पल्लाभारी हुने देखिन्छ । बलिउडमाथि साउथ फिल्म कसरी हाबी भइरहेको छ भन्ने यो एउटा दृष्टान्त हो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २०, २०८० साल पुस १० गते मंगलबार (Dec 26, 2023)

# रियल राइड, रियल स्टोरिज : यामाहाको ३KeepingItReal अभियान




**काठमाडौं–** चलेको ट्रेण्ड पछ्याउने र फ्यान्सी एआई चित्रहरू प्रयोग गर्ने आजको संसारमा यामाहा भने केही फरक दिशामा अगाडि बढेको छ ।

एआई मार्फत् उत्पन्न गरिएका चित्र र बनावटी दृश्यहरूले इन्टरनेट भरिइरहँदा यामाहाले भने ३KeepingItReal अभियान मार्फत् वास्तविक बाइकर हरूको सम्मान गर्दै उनीहरुका वास्तविक सवारी अनुभवहरूको चर्चा गर्ने पहलकदमी लिँदैछ ।

सामाजिक सञ्जालहरुमा एआई-जेनरेट गरिएका तस्बिरहरूको बाढी आएको समयमा यामाहा भने बाइकर हरूको वास्तविक भावनासँग एकाकार हुनका निम्ती अलग्गै उभिएको छ । बाइकिङको भावनाले डिजिटल ट्रेण्ड र कृत्रिम सौन्दर्यलाई पराजीत गर्छ भन्ने विश्वासको प्रमाण हो यामाहाको ३KeepingItReal अभियान बनावटी भिजुअलहरूको लोभमा नपरी राइडरहरूलाई उनीहरूको वास्तविक र फिल्टर नगरिएका बाइकिङ अनुभवहरू बाँड्न यामाहा प्रोत्साहन गर्दछ ।


यामाहा केवल एक ब्रान्ड नभई बाइक राइडिंगप्रतिको साझा प्रेमद्वारा सिर्जित विश्व समुदाय हो । राइडर र मेसिनबीचको सम्बन्ध, खुला सडकप्रतिको उत्साह र साथी बाइकरहरूबीचको सद्भाव नै यामाहाको खास आत्मा हो । ३KeepingItReal यहि भावनाको सम्मानका खातिर गरिएको एक आव्हान हो भने उत्साहीहरुलाई यामाहासँगको सवारी अनुभव परिभाषित गर्ने प्रमाण प्रदर्शन गर्न आग्रह पनि हो ।

यामाहा राइडरको रूपमा तपाईं ब्रान्डको अंश मात्र नभई बाइकिङको वास्तविक सारलाई महत्त्व दिने विश्वव्यापी समुदायको एक सदस्य पनि हो । ३KeepingItReal प्रयोग गरेर आफ्ना फिल्टर नगरिएका वास्तविक राइडिंगका पलहरू शेयर गरेर यस अभियानमा सामेल हुन सक्नुहुनेछ ।

हावाले उडाएको कपाल होस् कि प्राकृतिक दृश्यहरू वा यामाहामा यात्रारत क्षणको शुद्द आनन्द, तपाईं आफ्ना वास्तविक तस्विरहरू मार्फत् संसारलाई सवारीको वास्तविक सौन्दर्य देखाउन सक्नु हुनेछ ३KeepingItReal अभियान बाइकरहरूका लागि उनीहरूकै अनौठा कथाहरू साझा गर्ने प्लेटफर्म हो । यामाहा सम्पूर्ण राइडरहरूलाई आफ्ना वास्तविक तस्वीर र बाइकिङको हृदय र आत्मालाई स्पर्श गर्ने अनुभवहरू ह्याशट्याग सहित पोस्ट गरेर कथामा योगदान दिन प्रोत्साहन गर्दछ ।

यो प्रत्येक सवारको व्यक्तित्व झल्काउने र यामाहाको ब्यानरमुनि वहाँहरूलाई एकताबद्ध गर्ने सामूहिक जोशको उत्सव समेत हो । एआई उत्पन्न भिजुअलहरूबाट अघाइसकेको डिजिटल परिदृश्यमा यामाहाको ३KeepingItReal अभियान बाइकिङको प्रामाणिक भावनाको सम्मानका लागि स्फूर्तिका साथ उभिएको छ ।

# हेटौंडामा आइशरको रि–सेल मेला सुरु




**काठमाडौं–** नेपालका लागि आइशर कमर्सियल भेईकलको एक मात्र आधिकारिक वितरक बतास एम.ए.डब्लू. कमर्सिअल भेईकल प्रा.लि.ले आफ्ना ग्राहकको मागलाई लक्षित गर्दै हेटौडामा रि-सेल मेलाको आयोजना गरेको छ ।

आज भएको एक कार्यक्रमकाबीच नेपाल ट्रक यातायात महासंघ र नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हिरालाल श्रेष्ठ, नेपाल निर्माण व्यवसायी संघ, मकवानपुरका अध्यक्ष बालगोपाल कंडेल, हेटौडा उप-महानगर पालिका प्रतिनिधि विजय पुडासैनी र बतास एम.ए.डब्लु. प्रा. लि.का तर्फवाट रि-सेल प्रमुख परिक्षण धिमालले संयुक्त रूपमा रिबन काटेर मेलाको औपचारिक उद्घाटन गरे ।

कार्यक्रममा श्रेष्ठले आइशर ट्रकको विशेषता र ग्राहकले रुचाउनुका प्रमुख कारण उल्लेख गर्दै यसको माईलेज विशेष र पावर उत्कृस्ट रहेको जानकारी दिए । यस्तो मेलाले मध्यम वर्गका ग्राहकले पनि सजिलै स्वरोजगार भई आत्मानिर्भर हुने जानकारी दिए ।

साथै चालकलाई लक्षित गरि रु २५ लाखको आकस्मिक बीमाले थप उर्जा दिने समेत बताए । कार्यक्रम पौष ८ गते देखी १० गतेसम्म संचालन हुनेछ । आइशरले आफ्ना ग्राहकको आवश्यकतालाई महसुस गर्दै यस्ता किसिमका कार्यक्रम समय सापेक्ष ल्याउने गर्दछ । सोहिकारण नेपालसहित विश्व बजारमा आइशर ग्राहकको पहिले रोजाई बन्दै आइरहेको छ ।

यसअघि आइशरले आफ्ना ग्राहकलाई लक्षित गदै सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडसँग क्यासलेश इन्स्योरेन्स सम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको छ । क्यासलेश योजना मार्फत् दुर्घटना भएको खण्डमा आइशर मोटर्सका गाडीका खरिद कर्ताहरू बतास एम.ए.डब्लूका आधिकारिक सर्भिस सेन्टरहरूमा सिधै गई गाडी मर्मत वाबीमा रकम दाबी गर्न सक्नेछन् ।

क्यासलेश इन्स्योरेन्स अन्तरगत ग्राहकले सवारी साधन दुर्घटनामा परेको खण्डमा सोझै आइशरको आधिकारिक वर्कसपमा गई मर्मत गराउन सक्नेछन् र ग्राहकले बिमा रकम बाहेकको रकम मात्र तिर्नुपर्ने हुन्छ । बाँकी रकम बिमा कम्पनी र बतास एम.ए.डब्लूबीच कारोबार हुनेछ ।

# ग्लोबल आइएमई बैंक भिषा पेमेन्ट एक्सिलेन्स अवार्ड २०२३ बाट सम्मानित



**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेड भिषा पेमेन्ट एक्सिलेन्स अवार्ड २०२३ बाट सम्मानित भएको छ ।

भिषा इन्टरनेशनलद्वारा काठमाडौंमा आयोजित लिडरसिप कन्क्लेभमा बैंकलाई सन् २०२३ मा भिषा सदस्यमध्ये एशोशिएट सदस्यतर्फ डेबिट कार्ड प्रवर्द्धनमा उत्कृष्ट बनेकोमा उक्त अवार्ड प्रदान गरिएको हो । बैंकले हालैमात्र भिषासँगको सहकार्यमा भिजा स्क्यान टू पे भुक्तानी प्रणालीको शुभारम्भ गरेको छ । क्यूआरमार्फत भर्चुअल भिजा कार्डबाट पेमेन्ट गर्ने सकिने उक्त प्रविधि नेपालमै पहिलो रहेको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५५ शाखा, ३७९ एटिएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ११०० भन्दा बढी सेवा केन्द्रबाट ४५ लाखभन्दा बढी ग्राहकहरू माझ सेवा प्रदान गर्दै आएको छ ।

# पाँच महिनामा ९ अर्ब बराबरको ३६०० भन्दा बढी विद्युतीय गाडी आयात, मंसिरमा ९०० युनिट



**काठमाडौं–** चालु आर्थिक वर्षको ५ महिनामा ९ अर्ब बराबरको ३ हजार ६ सय ८६ युनिट विद्युतीय गाडी आयात भएका छन्। भन्सार विभागले आइतबार प्रकाशित गरेको तथ्यांकअनुसार नेपालमा ९ अर्ब बराबरको इभी भित्रिएका छन् । मंसिर महिनामा मात्र भने ८ सय ९९ युनिट आयात भएका छन् ।

विद्युतीय गाडीको आयात बढेसँगै यसबाट सरकारले पाउने राजस्व पनि बढेको छ। ४ अर्ब २८ करोड रुपैयाँ भन्सार शुल्क संकलन भएको छ। चीनबाट धेरै बीवाइडी, नेटा भी र केवाइसी भ्यान आयात भएका छन् ।

यसमा चीनबाट मात्र २ हजार २ सय ९७ युनिट इभी आयात भएका छन् । भारतबाट १ हजार ३ सय ३८ युनिट इभी आयात भएको विभागले जनाएको छ । भारतबाट सबैभन्दा धेरै टाटा र सिट्रोन इभी आयात भएका छन् ।

यसैगरी कोरियाबाट २८ युनिट, जर्मनीबाट ३, अमेरिकाबाट ३ र इन्डोनेसियाबाट १७ युनिट इभी आयात भएका छन् ।

यसमा पनि सबैभन्दा धेरै ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताको मोटर पावर भएका गाडी धेरै आयात भएका छन् । यसमा २ हजार २८ युनिट आयात भएका छन् ।

यस्तै ५० किलोवाटसम्म क्षमताका मोटर पावर भएका १ हजार ५ सय ९५ युनिट गाडी आयात भएका छन् । अन्य १०० किलोवाट क्षमताभन्दा माथिका जम्मा ६३ युनिट मात्र आयात भएका छन् । सरकारले करका दरमा केही हेरफेर गरे पनि ठूलो मोटर पावर भएका इभीहरु अपेक्षाअनुसार धेरै आयात हुन सकेका छैनन् ।

इन्धन इन्जिन सवारी साधन ५ महिनामा ३ हजार ७ सय ९७ युनिट आयात भएका छन् । यसमा ४ अर्ब ९६ करोड २९ लाख रुपैयाँ बराबरको आयात भएको विभागले जनाएको छ । यसबाट सरकारले ८ अर्ब ६२ करोड २९ लाख रुपैयाँ भन्सार शुल्क संकलन गरेको छ ।

यसैगरि थ्री ह्वीलर्स इभी रिक्सा पाँच महिनाको अवधिमा ५७ करोड ९३ लाख बराबरको ५ हजार ६ सय १७ युनिट आयात भएका छन् । यसबाट सरकारले १९ करोड ९४ लाख भन्सार शुल्क संकलन गरेको छ ।

जाडोको समयमा चिसोबाट बचौं
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस